
Secure
Livelihoods
Research
Consortium

द्वन्द्व प्रभावित जीविकोपार्जन र
सेवाहरूमा अनुसन्धान

# नेपालमा स्थानीय शान्ति समितिको प्रभावकारिता: बर्दिया जिल्लामा गरिएको अनुसन्धान




कार्यपत्र ४०

अनल तण्डुकार, विष्णुराज उप्रेती सुमनवावु पौडेल,
गोपीकेश आचार्य र ड्यानियल ह्यारिस

अनुवाद: अनल तण्डुकार र विष्णुराज उप्रेती

नेपाली भाषा शुद्धीकरण: शार्दूल भट्टराई

२०७२

NCCR
Nepal Center for Contemporary Research

# हाम्रो बारेमा

सुरक्षित जीविकोपार्जनअनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम – एसएलआरसी)ले द्वन्द्व प्रभावित अवस्थामा आममानिस कसरी जीविकोपार्जन (जीविका) गरिरहेका छन्, आफ्ना सन्तानलाई कसरी शिक्षा दिइरहेका छन्, उनीहरूले स्वास्थ्यको ख्याल कसरी गरिरहेका छन् र आधारभूत सेवाहरूमा उनीहरूको पहुँच कस्तो छ त भन्ने बारेमा तथ्यमा आधारित अनुसन्धान गर्ने लक्ष्य राखेको छ । द्वन्द्व प्रभावित अवस्थामा मानव कल्याणका काम गर्नु, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूमा आममानिसको राम्रो पहुँच बनाउनु तथा जीविकोपार्जन (जीविका) मा सहयोग गर्नु आदिले सहस्राब्दी विकास लक्ष्य (एमडिजी)ले राखेको विकास लक्ष्य प्राप्त गर्न र शान्ति स्थापना तथा राज्य–निर्माणमा अन्तर्राष्ट्रिय प्रयासलाई सार्थक बनाउनमा अत्यन्तै महत्व राख्छन् ।

कार्यक्रमको शुरूआती वर्षमा गरेको गहन अध्ययनअनुरूप एसएलआरसीका तीनवटा मूल विषयवस्तुहरू छन् :

- राज्यको वैधताः द्वन्द्व प्रभावित अवस्थामा राज्य तथा स्थानीय प्रशासनप्रतिको अनुभव, धारणा तथा अपेक्षा
- राज्यको क्षमताः द्वन्द्व प्रभावित अवस्थामा सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरू प्रवाह गर्ने प्रभावकारी राज्यको निर्माण
- द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन प्रक्षेप पथ र आर्थिक गतिविधि

समुद्रपार विकास संस्थान (ओभरसिज् डिभलपमन्ट इन्स्टिच्युट–ओडिआई) यस कार्यक्रमको नेतृत्वदायी संस्था हो । एसएलआसी कार्यक्रमका साझेदार संस्थाहरू निम्नअनुसार छन् : नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च (एनसिसिआर), सेन्टर फर पुभर्टी एनालाइसिस (सिइपिए) – श्रीलङ्का, फेइन्स्तेइन इन्टरनेशनल सेन्टर (एफआइसी, टफ्ट्स युनिर्भसिटी), द अफगानिस्तान रिसर्च एण्ड इभ्यालुएशन युनिट (एआरइयू), द सस्टेनेवल डिभलपमन्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) – पाकिस्तान, डिजास्टर स्टडिज् अफ वागेनइनगेन युनिभर्सिटी (डब्लुयुआर) – नेदरल्याण्ड्स र द फुड एण्ड एग्रिकल्चर अर्गनाइजेशन (एफएओ) ।

सेक्योर लाइभ्लीहुड रिसर्च कन्सोर्टियम
ओभरसिज डिभलपमेन्ट इन्स्टिच्युट
२००३ ब्ल्याकफ्रियर्स रोड,
लन्डन SE1 8NJ, ब्रिटेन

टेलिफोनः +४४ (०)२० ७९२२ ८२२१
फ्याक्सः +४४ (०)२० ७९२२ ०३९९
इमेलः slrc@odi.org.uk
वेबः securelivelihoods.org

अस्वीकारोक्तिः यस अनुसन्धानमा व्यक्त विचारहरू सम्बन्धित लेखकहरूका हुन् जसले डिएफआइडी, आइरिस एड, युरोपियन कमिशन, एसएलआरसी, एनसिसिआर लगायतका साझेदार संस्थाहरूका विचारको प्रतिनिधित्व गर्छन् भन्ने छैन । एसएलआरसीले द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूको प्रवाहजस्ता विषयमा अनुसन्धान गर्ने गर्दछ । एसएलआरसीको यो र अन्य यस्तै अनुसन्धानहरूःhttp://securelivelihoods.org/publications_details.aspx?resourceid. मा अंग्रेजी भाषामा उपलब्ध छन् ।

यस अनुसन्धान प्रतिवेदनलाई आफ्ना प्रकाशन सामाग्रीहरूमा उद्धृत गर्न सबै सरोकारवाला पूर्ण स्वतन्त्र छन् । यद्यपि, एसएलआरसी र एनसिसिआरको प्रतिलिपि अधिकार अनुरुप सूचनाको स्रोतको सम्बोधन गर्न र प्रकाशित सामग्रीको एकप्रति प्रतिलिपि उपलब्ध गराउन अनुरोध छ ।

# विषयसूची


**हाम्रो बारेमा** **क**

**१. पृष्ठभूमि तथा सन्दर्भ** **१**

**२. विश्लेषणात्मक खाका/अध्ययनको कार्यपद्धति/कार्यपत्रको खाका** **४**

२.१. विश्लेषणात्मक खाका ४

२.२. अध्ययनको कार्यपद्धति ६

२.३. कार्यपत्रको खाका ८

**३. स्थानीय शान्ति समिति** **८**

**४. परिणाम र छलफल** **९**

४.१. स्थानीय शान्ति समितिको समावेशिता ९

४.१.१. बर्दिया जिल्ला स्तरीय शान्ति समितिको समावेशिता ९

४.१.२. गाविस स्तरीय शान्ति समितिको समावेशिता ११

४.२. स्थानीय समितिको कार्य, जनादेश र प्रभावकारिता १४

४.२.१. जिल्ला स्तरीय समितिको परिणाम १४

४.२.२. गाविस स्तरीय परिणामहरू १८

**५. राष्ट्रिय स्तरमा छलफल र विचार** **२१**

५.१. नेपालमा स्थानीय शान्ति समितिको शान्ति पुनर्स्थापना तथा राज्य पुनर्स्थापनामा रहेको सान्दर्भिकता २१

५.२. अध्ययन क्षेत्रमा स्थानीय शान्ति समितिको सान्दर्भिकता र विश्लेषणात्मक खाकासँगको सम्बन्ध २३

**६. निष्कर्ष** **२५**

**७. सन्दर्भ सूची** **२७**


# तालिका तथा बक्स

**तालिका**


तालिका १ : विश्लेषणात्मक खाका ५


**बक्स**


वाकस १ : नेउलापुरमा द्वन्द्व प्रभावित व्यक्तिको वहिष्कारको उदाहरण १४

वाकस २ : भीमापुरमा द्वन्द्व प्रभावित व्यक्तिको वहिष्करणको उदाहरण १४

## १. पृष्ठभूमि तथा सन्दर्भ

नेपालमा सन् १९९६ देखि २००६ को अवधिमा नेपाली सेना/सुरक्षाकर्मी र माओवादी बीच भएको हिंसात्मक द्वन्द्वले देशका विभिन्न ठाउँमा क्षति पुऱ्याएको थियो । दश वर्ष लामो जनयुद्धले करिब १३ हजार मानिसको ज्यान लिएको थियो र देशभरका करिब २५ हजार जनाभन्दा बढी सर्वसाधारण मानिस घरबारबिहीन भई आन्तरिक रुपमा विस्थापीत भएका थिए र कैयौँ मानिस अझै पनि बेपत्ता नै रहेका छन् (*व्यावकक, २०१३*) । यसका साथै एक दशक लामो द्वन्द्वका कारण कैयौँ बालबालिकाहरू अनाथ, महिलाहरू विधवा र कैयौँ मानिसहरू अपाङ्ग भएका छन् । नेपालको द्वन्द्वमा पनि बढी असर महिलाहरूलाई नै पर्न गएको छ । द्वन्द्वका क्रममा धेरै महिलाहरू हिंसाजन्य गतिविधिहरूका सिकार भएका थिए र माओवादी पक्षमा पनि धेरै नै महिला लडाकुहरूले दुर्व्यवहार खेप्नुपरेको अवस्था थियो । लैङ्गिक समानताको हिसाबमा पनि महिलाहरूलाई शान्ति सम्झौता तथा कुनै पनि प्रक्रियाहरूमा संलग्न गरिएको पाइँदैन (*एरिनो, २००८*) । यसका साथै द्वन्द्वले श्रोत वितरण, व्यवस्थापनमा पनि निकै नै असर पारेको छ र हरेक जिल्लामा प्रशासनिक र कार्यक्रम खर्चमा पनि निकै वृद्धि भएको छ । यसै गरी द्वन्द्वकालको समयमा सरकारका आधारभूत सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता क्षेत्रमा लगानी घट्दै गएको छ (*उप्रेती, २००६*) । यसले गर्दा सेवा प्रवाहमा पनि निकै नै नकारात्मक असर पर्न गएको छ, विशेष गरी यस्तो असर प्रायजसो ग्रामीण भेगमा बस्ने मानिसहरूमा प्रत्यक्ष रूपमा देखापरेको थियो (*सोडार्क-सिपिआरपी, २०१०*) । यसका अलावा देशको अर्थतन्त्रमा पनि निकै नै ठूलो असर पर्न गएको छ जसकाकारण देशमा विदेशी लगानी, पर्यटकको संख्यामा कमी आएको थियो, कल कारखानाहरू बन्द भएका थिए, कैयौं मानिसले आफ्ना जागिर गुमाउनुपर्ने अवस्था सिर्जना भएको थियो, कामदारहरू विस्थापित भएका थिए, व्यापार व्यवसायहरूमा बन्दका कारणले घाटा भएको थियो र विभिन्न प्रकारका विरोधहरू भएको अवस्था थियो (*सोडार्क-सीपीआरपी, २०१०*) ।

नेपालमा द्वन्द्वको अन्त्य सन् २००६ मा भएको थियो । जब द्वन्द्वरत राजनैतिक पार्टी जस्तै माओवादी र अन्य दलहरूका नेताहरूबीच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरिएको थियो (*शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०११*)। बृहत् शान्ति सम्झौताले सबै किसिमका हिंसात्मक क्रियाकलापहरू बन्द गर्ने तथा सामाजिक, राजनैतिक र आर्थिक परिवर्तन ल्याउने प्रतिज्ञा गरेको थियो । यसै सम्झौताका अनुसार नेपालमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको पनि स्थापना गरिएको थियो (*ओडेन्डाल, २०१०*) । यस मन्त्रालयको स्थापना विशेष गरी शान्ति प्रक्रियाको व्यवस्थापनका लागि गरिएको हो र यसका अन्य कामहरू भनेका शान्ति सम्झौता र शान्ति पुनर्स्थापना (*राष्ट्रिय आयोगहरू र स्थानीय समितिहरू गठनद्वारा*), द्वन्द्वबाट प्रभावित व्यक्तिहरू तथा आन्तरिक रूपमा विस्थापित भएकाहरूलाई सहयोग पुऱ्याउने, मेलमिलापका कामहरू तथा सामाजिक र भौतिक पुनर्निर्माणका कामहरू रहेका छन् । यस्तै शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई सहयोग गर्नको लागि सात वटा दातृ निकायको संयुक्त सहयोगमा नेपाल शान्ति कोष (*नेपाल पिस ट्रस्ट फण्डज्ञ, एनपिटिएफ*) को स्थापना सन् २००८ को जनवरीमा गरिएको थियो । शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको शान्ति कोष सचिवालयले एनपिटिएफ अन्तर्गत सबै कामहरू गर्ने जिम्मेवारी रहेको छ ।

स्थानीय सरकारका कार्यहरूलाई सहयोग गर्न, द्वन्द्वकालमा भएका भौतिक पूर्वाधारहरूको पुनर्संरचना गर्न र द्वन्द्व प्रभावित व्यक्तिहरूको सहयोग गर्न एनपिटिएफमा चारवटा समूहहरू बनाइएका छन् :

- समूह १ को मुख्य ध्यान पूर्व लडाकूहरूको व्यवस्थापन, पुनर्वास तथा शिविर व्यवस्थापनमा रहेको छ ।

---

[१] एनपिटिएफ एउटा सरकारी स्वामित्व रहेको बहुदातृ निकायहरूको टोकरी कोष हो र यसको मुख्य यद्देश्य नेपालमा द्वन्द्व पश्चातको शान्ति पुर्नस्थापना रहेको छ र श्रोतहरूको प्रावधान र व्यवस्था गरी बृहत शान्ति प्रक्रियालाई मद्दत गर्ने रहेको छ । यो कार्यक्रमलाई धेरै दातृ निकायहरूले सहयोग गरेका छन् र यसमध्ये नेपाल, डेनमार्क, फिनल्यान्ड, जर्मनी, नर्वे, स्विट्जरल्यान्ड,, बेलायत र युरोपियन युनियन हुन् । हरेक दातृ निकायहरूले नेपालमा शान्ति स्थापनाको लागि आफूले सक्दो सहयोग जनाउने प्रतिबद्धता जाहेर गरेका छन् ।

- समूह २ को मुख्य ध्यान आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरू तथा अन्य द्वन्द्व प्रभावित व्यक्तिहरूको सामाजिक एकीकरण र पुनर्स्थापना गर्ने रहेको छ ।
- समूह ३ को मुख्य ध्यान सुरक्षा उपकरणलाई बलियो बनाउने हो र सङ्क्रमणकालीन न्यायको प्रबन्ध गर्ने हो ।
- समूह ४ को मुख्य ध्यान संविधानसभा चुनाव तथा सभा गठन गर्नु हो र साथै हरेक जिल्लाहरूमा स्थानीय शान्ति समितिको स्थापनाद्वारा शान्ति स्थापना गर्नु रहेको छ ।

यसै गरी सन् २०१० मा शान्ति तथा पुनर्स्थापना मन्त्रालयले स्थानीय शान्ति समितिको निर्देशन तयार पारी स्थानीय क्षेत्रमा शान्ति स्थापनाका कार्यक्रमहरूमा सहयोग पुऱ्याएको थियो । स्थानीय शान्ति समिति, जिल्ला, नगरपालिका र गाउँ विकास समिति (गाउँपालिका) स्तरमा स्थापना गरिएको छ । हालसम्मको तथ्याङ्क अनुसार नेपालमा ७५ जिल्ला, १ सय ९१ नगरपालिका र ३ हजार २ सय ७६ गाविसहरू रहेका छन् । अहिलेसम्म ७५ वटा जिल्लामा जिल्लास्तरीय स्थानीय शान्ति समितिको स्थापना भइसकेको छ भने ४६ नगरपालिकाहरू र २ हजार ७ सय भन्दा बढी गाविसहरूमा स्थानीय शान्ति समितिहरूको स्थापना भइसकेको छ (*शान्ति तथा पुनर्स्थापना मन्त्रालय, २०१४*) ।

यो अध्ययनले मुख्य रूपमा नेपालमा स्थापना भएका स्थानीय शान्ति समितिहरूले कस्तो काम गर्दै आइरहेका छन् तथा यिनीहरूको स्थापनाको प्रभावकारिता, उपयोगिता र सान्दर्भिकता नेपालको परिप्रेक्ष्यमा कस्तो रहेको छ भन्ने कुरा बर्दिया जिल्लाबाट संकलन गरिएको तथ्याङ्कमार्फत अध्ययन गर्न खोजिएको छ ।

## २. विश्लेषणात्मक खाका/अध्ययनको कार्यपद्धति/कार्यपत्रको खाका

### २.१. विश्लेषणात्मक खाका

यो अध्ययनमा *सेक्युर्ड लाइभलिहुड रिसर्च कन्सोर्टियम (एसएलआरसी)* द्वारा विकास गरिएको विश्लेषणात्मक खाकाको प्रयोग गरिएको छ, जुन द्वन्द्वमा गुज्रिएको देशको परिप्रेक्ष्यमा तथा नाजुक अवस्थामा रहेका देशहरूको अध्ययनमा प्रयोग गरिन्छ, त्यही खाकालाई यस अध्ययनको पनि आधार मानिएको छ । यो अध्ययन राज्यको क्षमतामा आधारित छ जुन एसएलआरसीका तीन मुख्य विषयमध्ये एक पर्दछ जसको मुख्य उद्देश्य प्रभावकारी राज्यको विकास गर्नुका साथै सामाजिक सुरक्षा र आधारभूत सेवाहरू प्रदान गर्नु तथा द्वन्द्व प्रभावित क्षेत्रमा उद्धार गर्नु रहेको छ । यो विश्लेषणात्मक खाकालाई राज्यको क्षमता अनुसार पाँच भागमा विभाजन गरिएको छ र *एसएलआरसीका* मुख्य उद्देश्य पूरा गर्न यसका पाँच मुख्य क्षमता तय गरिएका छन् । ती पाँच क्षमताहरू यस प्रकार छन् :

१. आत्म संगठित हुने र कार्य गर्न सक्ने क्षमता
२. विकासका परिणामहरू पैदा गर्नसक्ने क्षमता
३. सहयोग सम्बन्ध स्थापित गर्न सक्ने क्षमता
४. अनुकूल र आत्म नवीकरण गर्न सक्ने क्षमता
५. सुसंगति हासिल गर्न सक्ने क्षमता

यस अध्ययनमा माथि उल्लेखित क्षमताहरूको प्रयोग गरी स्थानीय शान्ति समितिको प्रभावकारिताको आँकलन गर्न खोजिएको छ । यसका साथै समितिमा भएको समावेशिता, सान्दर्भिकता र सहयोगी भावनालाई हेर्न खोजिएको छ । यो खाकाको प्रयोगबाट स्थानीय शान्ति समितिमा संलग्न हुने क्षमता तथा निर्णय लिने अधिकार कस्तो रहेको छ भन्ने आँकलन गरिएको छ । यसका साथै समितिले प्रभावकारी र सान्दर्भिक सेवाहरू प्रदान गर्दै आइरहेका छन् कि छैनन् भन्ने कुरा हेर्न सकिन्छ र त्यहाँ रहेको पारदर्शिताका साथै आफन्तवाद, कृपावाद रहे–नरहेको कुरा पनि हेर्न सकिन्छ । यी क्षमताहरूको प्रयोगले स्थानीय समितिले अन्य सरोकारवालाहरू तथा कामसँग सम्बन्धित पात्रहरूसँग कस्तो सम्बन्ध स्थापना गर्न सफल रहेको छ र राजनैतिक सम्बन्ध, समावेशिता तथा पारदर्शिता कस्तो छ हेर्न सकिन्छ ।

यो खाकाको विकासले विशेष गरी स्थानीय शान्ति समितिको कार्य सम्पादन कुशलता तथा स्थानीय समितिको सेवा प्रबन्धका कारकहरूको विश्लेषणमा मद्दत गर्दछ। यस अध्ययनमा प्रयोग भएको खाका टेवल नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका १ : विश्लेषणात्मक खाका**

| **५ वटा क्षमताहरू** | **स्थानीय शान्ति समिति** | **सूचकहरू** |
|---|---|---|
| **आत्म संगठित हुने र कार्य गर्न सक्ने क्षमता**<br>यसमा सामेल कार्य–पात्रहरूको सक्षमता : श्रोत परिचालन गर्न (वित्तीय, मानवीय तथा संस्थागत); स्वतन्त्र कार्य गर्न ठाउँ र स्वतन्त्रता; अनिच्छुक र अनुत्तरदायी साझेदारलाई उत्प्रेरित गर्ने; योजना बाउने, निर्णय लिने र सामूहिक रूपमा अरू क्षमतामा पनि अभ्यास गर्नसक्ने | स्थानीय शान्ति समितिमा रहेको समावेशिता | समुदायमा रहेका मानिसहरूको स्थानीय समितिमा सहभाति हुन सक्ने क्षमता र उनीहरूको निर्णयमा हुने प्रभाव |
| **विकासका परिणामहरू पैदा गर्नसक्ने क्षमता**<br>यसमा सामेल कार्य–पात्रहरूको सक्षमता : उत्पादन र परिणाम दिन सक्ने (जस्तै : स्वास्थ्य र शिक्षा सेवा, रोजगारीका अवसरहरू, न्याय र नियम पालना गराउने); उत्पादनलाई दिगो समयसम्म धान्न सक्ने; नागरिक, लाभदायी तथा ग्राहकहरुलाई लाभ (मूल्य) थप गर्नसक्ने | स्थानीय शान्ति समितिको सेवा प्रवाहमा सान्दर्भिकता र प्रभावकारिता<br><br>समितिको सेवा प्रदानमा लाभग्राहीको पहिचान र समावेशिता | समितिको प्रभावकारी सेवा प्रदान गर्न सक्ने क्षमता<br><br>समितिको सेवा प्रवाहमा विनाआफन्तवाद समावेशी र पारदर्शितालाई प्राथमिकता दिई काम गर्ने क्षमता |
| **सहयोग सम्बन्ध स्थापित गर्न सक्ने क्षमता**<br>यसमा सामेल कार्य–पात्रहरूको सक्षमता : सम्पर्क र सम्बन्धमा बृद्धि गरी श्रोत साधनको परिचालन गर्ने; सरोकारवालाहरू माझमा आफ्नो वैधानिकता बृद्धि गर्ने; प्रतिस्पर्धीहरू, राजनीतिज्ञ तथा शक्ति भएकाहरूसँग प्रभावकारी रूपमा सम्झौता गर्ने | स्थानीय शान्ति समितिको सेवा प्रवाहमा सान्दर्भिकता र प्रभावकारिता<br>समितिको सेवा प्रदानमा लाभग्राहीको पहिचान र समावेशिता | समितिका अन्य कार्य–पात्रहरूसँग सेवा प्रवाहको लागि सम्बन्ध बढाउन सक्ने क्षमता<br>समितिको सेवा प्रवाहमा समावेशी, पारदर्शी र राजनैतिक सम्बन्ध बढाउन सक्ने क्षमता |
| **अनुकूल र आत्म नवीकरण गर्न सक्ने क्षमता**<br>यसमा सामेल कार्य–पात्रहरूको सक्षमता : अनुगमन तथा परिणामका आधारमा आफ्नो योजनालाई फेरबदल तथा अनुकूल गर्न सक्ने; परिवर्तनहरूको पूर्वानुमान गर्न सक्ने; कुनै किसिमका झट्काहरू थेग्न सक्ने र लचकताको विकास गर्नसक्ने | स्थानीय शान्ति समितिको सेवा प्रवाहमा सान्दर्भिकता र प्रभावकारिता | समितिको श्रोत साधनको अवरोधमा पनि सेवा प्रवाह गर्न सक्ने क्षमता |

| | | |
|---|---|---|
| **सुसंगति हासिल गर्न सक्ने क्षमता**<br>यसमा सामेल कार्य–पात्रहरूको सक्षमता : छोटा र लामा आवधिक लक्ष्य र रणनीति; नियन्त्रण, लचकता र स्थिरता; योजनालाई र कार्यलाई एकीकृत गर्ने र मेल खाने बनाउने; विभिन्न किसिमका परिवर्तन र स्थिरताको चक्रको सामना गर्नसक्ने | स्थानीय शान्ति समितिको सेवा प्रवाहमा सान्दर्भिकता र प्रभावकारिता | लामो र छोटो अवधिका योजना तय गर्नसक्ने, तिनलाई प्राथमिकता दिनसक्ने र विकास गर्नसक्ने<br>द्वन्द्वपूर्ण स्वार्थ र प्राथमिकतालाई समायोजित गर्न सक्ने क्षमता |

## २.२. अध्ययनको कार्यपद्धति

यस अध्ययनको लागि स्थलगत कार्य सन् २०१४ नोभेम्वर महिनामा गरिएको थियो र यसको लागि तल देखाएअनुसारका विधिहरू प्रयोग गरिएका थिए :

**गहिरो (गम्भीर) अन्तर्वार्ता** : यस अध्ययनको लागि द्वन्द्व प्रभावित व्यक्तिहरू जसले स्थानीय शान्ति समितिबाट गाउँ तथा जिल्ला स्तरमा सेवा प्राप्त गर्दै आएका छन् उनीहरुसँग गहिरो अन्तर्वार्ता गरी जानकारी लिइएको छ । यस अध्ययनका अनुसार द्वन्द्व प्रभावित व्यक्तिको परिभाषा यसरी गरिएको छ : जो द्वन्द्वबाट सीधारूपमा प्रभावित हुन्छन् जस्तै हत्या, अपहरण, बेपत्ता, अशक्तता, लैङ्गिक दुर्व्यवहार, विस्थापन तथा सम्पत्तिमा हानि–नोक्सानी भोगेका व्यक्तिहरू । यस अध्ययनको क्रममा जम्मा २५ जना द्वन्द्व प्रभावित व्यक्ति (**९ महिला र १६ पुरुष**) को गहिरो अन्तवार्ता लिइएको थियो । यस अध्ययनका लागि द्वन्द्व प्रभावित व्यक्तिहरूको चयन *स्नोवल* र *पर्पोसिभ* सेम्पलिङ्ग पद्धतिद्वारा गरिएको थियो । यसका साथै त्यस स्थानका मुख्य व्यक्तिहरूको मद्दतबाट पनि द्वन्द्व प्रभावित व्यक्तिहरूको जानकारी लिई यस अध्ययनको लागि चयन गरिएको थियो । जानकारी लिने क्रममा द्वन्द्व प्रभावित व्यक्तिहरूले सरकारद्वारा प्रदान गरिएको क्षतिपूर्ति प्राप्त भएका र नभएकाहरूको पनि जानकारी लिएको थियो ।

**मुख्य व्यक्तिहरु सँगको अन्तर्वार्ता** : बर्दिया जिल्लामा रहेका सरकारी कार्यालयमा काम गर्ने तथा द्वन्द्वका क्षेत्रमा काम गर्ने मुख्य व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको थियो । यसमध्ये बर्दिया जिल्ला प्रशासन प्रमुख, द्वन्द्व पीडित संघका सदस्यहरू, राजनैतिक दलका पदाधिकारीहरू, स्थानीय शान्ति समितिका पदाधिकारीहरू रहेका छन् । कूल गरी १४ जना मुख्य व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको थियो र यसमध्ये १३ जना पुरुष थिए र एक महिला थिइन् ।

यसैगरी समुदायका मानिसहरू तथा द्वन्द्व प्रभावित व्यक्तिहरूसँग सबैको प्रतिनिधित्व हुने गरी दुईवटा सामूहिक छलफल सम्पन्न गरिएका थिए । यसमध्ये एउटा छलफल नेउलापुर गाविसमा सञ्चालन गरिएको थियो र त्यस छलफलका दौरानमा एक महिला र चार पुरुष सहभागी थिए । यसै गरी अर्को छलफल राजापुर गाविसमा संचालन गरिएको थियो र त्यस छलफलमा दुईजना महिला र तीनजना पुरुष सहभागी थिए ।

### गुणस्तरको स्तर

यो अध्ययनमा सेन्टन (२००४) मा उद्धृत गरिएको लिङ्कन र गुवा (१९८५) द्वारा विश्वसनीय अनुसन्धानका लागि विकास गरिएका चार प्राथमिक मापदण्डहरूको प्रयोग गरिएको छ । ती यस प्रकार छन् :

**विश्वसनीयता** :अध्ययनमा विश्वनीयता राम्रो पहिचान भएको, गुणस्तरीय, चर्चित अध्ययनको विधि अपनाएर हासिल गर्न सकिन्छ । अध्ययनको क्रममा विभिन्न विधिहरूको प्रयोग जस्तै मुख्य व्यक्तिहरूसँगको अन्तर्वार्ता, सामूहिक छलफलहरू तथा व्यक्तिगत गहिरो अन्तर्वार्ताले स्थानीय शान्ति समितिका कार्यहरूलाई विभिन्न कोणबाट विश्लेषण

गर्न मद्दत पुऱ्याउँछ । यस अध्ययनका दौरानमा हामीले जति पनि अन्तर्वार्ता लियौँ, त्यसका लागि पहिले नै सहमति लिएका थियौँ । यदि उहाँहरू अनिच्छुक अवस्थामा हुनुहुन्थ्यो भने अन्तर्वार्तामा सहभागी नहुन पनि सक्नुहुन्थ्यो । यस प्रक्रियामा हामीले पूर्णतया इच्छुक व्यक्तिलाई मात्रै आफ्नो अध्ययनमा सामेल गरेको देखिन्छ ।

**स्थानान्तरणीयता** : यस अध्ययनमा स्थानीय शान्ति समिति बारेको विवरण, यसको संरचना र कार्यको विवरण विभिन्न सरोकारवालाहरूका अवधारणाहरूबाट लिइएको छ । यस अध्ययनमा केवल स्थानीय शान्ति समितिका पदाधिकारीहरूमात्र सामेल नभईकन जिल्लाका विभिन्न सरकारी निकायका पदाधिकारीहरू पनि सामेल थिए जसले गर्दा यो अध्ययनलाई अन्य परिप्रेक्ष्यबाट पनि हेर्न मद्दत पुऱ्याउँदछ । यसका साथै यो अध्ययनमा स्थानान्तरणीयता त्रिकोणात्मक जानकारी पद्धतिबाट पनि हासिल गरिएको थियो जहाँ एउटै विषयको जानकारी विभिन्न पदाधिकारीहरूबाट लिइएको थियो ।

**निर्भरता** : कुनै एक अध्ययनको पारदर्शिता त्यस अध्ययनको कार्यपद्धतिबाट हासिल गर्न सकिन्छ । यस अध्ययनको निरीक्षण गर्न र पारदर्शिता कायम गर्नका साथै यस अध्ययनको निर्भरता कायम राख्न *ओभरसिज डिभलप्मेन्ट इन्स्टिच्युट* तथा एनसिसिआरका शोधकर्ताहरू यस अध्ययनको हरेक प्रक्रियामा सामेल रहँदै आएका छन् । यस संस्थाका शोधकर्ताहरू आफैँले पूर्णतया सबै जानकारीहरूको अन्वेषण गरी साझेदारी रहेको या नरहेको निर्धारण गरिएको थियो ।

**पुष्टीकरण** : यस अध्ययनका क्रममा उत्तरदाताहरूसँग लिएको जानकारीलाई कापीमा टिपोट गरिनुका साथै उहाँहरूको साझेदारीमा रेकर्ड पनि गरिएको थियो जुन यस अध्ययनको विश्लेषणमा प्रयोग गरिएको छ । यी सत्य-तथ्यहरूले यो अध्ययनमा लिइएको जानकारी पूर्णरूपामा उत्तरदाताहरूको रहेको र अनुसन्धानहरूले निष्पक्षताका साथ यस अध्ययनको विश्लेषण गरिएको पुष्टि गर्दछन् ।

### तथ्याङ्क विश्लेषण प्रविधि तथा पद्धति

यस अध्ययनका लागि तथ्याङ्कहरू विषयवस्तुहरूलाई आधार मानेर लिइएका हुन् । यस अध्ययनका क्रममा विभिन्न किसिमका जानकारीहरू लिन भिन्दाभिन्दै विषयवस्तु तयार पारी मुख्य व्यक्ति, द्वन्द्व प्रभावित व्यक्तिहरू तथा सामूहिक छलफलका लागि छुट्टाछुट्टै विषयवस्तु तयार पारिएका थिए । यी विषयवस्तुहरूको आधारमा तथ्याङ्कहरू उत्तरदाताको सहमतिमा रेकर्ड गरिएका थिए । सो तथ्याङ्क प्राप्त भएपश्चात यसलाई विभिन्न चरणहरूमा विश्लेषण गरिएको थियो र प्रतिवेदन तयार पारिएको थियो । यो अध्ययन केवल एक जिल्लामा मात्र सीमित रहेको छ र यो अध्ययनबाट आएको निष्कर्षलाई अन्य जिल्लाहरूको स्थानीय शान्ति समितिसँग सामान्यीकृत गर्न मिल्दैन तर केही निष्कर्ष भने यस समितिबाट प्राप्त गर्न सकिन्छ ।

### कार्य क्षेत्रको निर्धारण र छनोट

यस अध्ययनको लागि बर्दिया जिल्ला छनोट गरिएको थियो । यो जिल्ला द्वन्द्वबाट प्रभावित जिल्लामध्ये एक प्रमुख जिल्ला हो । यसको उदाहरण बर्दिया जिल्लामा नेपाल मानव अधिकार आयोग तथा इन्सेकले गरेको अध्ययनको प्रतिवेदनले देखाएको छ । उक्त प्रतिवेदन अनुसार द्वन्द्वकालमा बर्दिया जिल्लामा सबैभन्दा धेरै अपहरण (२२०) भएका थिए (वस्नेत, २०११; मानव अधिकार आयोग, २०११) । यसका साथै सन् २०१२ मा एनसिसिआरद्वारा बर्दिया, इलाम र रोल्पा जिल्लामा गरिएको क्वान्टिटेटिभ सर्भेले (एसएलआरसी, २०१४) पनि बर्दिया जिल्लामा द्वन्द्वका कारण धेरै मानवीय क्षति भएको देखाएको छ । बर्दिया जिल्लाको जिल्ला स्तरीय स्थानीय शान्ति समिति सन् २००८ देखि संचालनमा आइरहेको छ र गाविस स्तरीय शान्ति समिति सन् २००९ देखि संचालनमा आइरहेको छ ।

बर्दिया जिल्ला मध्यपश्चिम क्षेत्रको भेरी अञ्चलमा पर्दछ । यस जिल्लामा थारूहरूको (एक आदिवासी समूह) बाहुल्यता रहँदै आएको छ जुन कूल जनसंख्या ४२६,५७६ मध्ये ५२.६% रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०११) । यसका साथै क्षत्रीहरू १०.६%, ब्राह्मण ९.५% र मुस्लिम ३% रहेका छन् । बर्दिया जिल्लामा सन् २०१३ सम्ममा ३१ गाविस रहेका थिए र एउटा नगरपालिका थियो (केन्द्रीय तथ्याङ्क विभाग, २००६) । सन् २०१३ पश्चात बर्दिया जिल्लामा केही गाविसहरू संयुक्त रूपमा गाभी एउटा अर्को नगरपालिकाको गठन गरिएको थियो । यसैगरी यो अध्ययनको लागि दुईवटा गाविस स्तरीय र एउटा जिल्ला स्तरीय समितिको चयन गरिएको थियो । जिल्ला स्थानीय शान्ति समितिका सचिवका सुझावमा दुईवटा गाविस स्तरीय समितिको चयन गरिएको थियो जुन एउटा राम्ररी संचालन हुँदै आएको थियो भने अर्कोचाहिँ तुलनात्मक रूपमा राम्ररी काम गर्दै आएको थिएन ।

## २.३. अध्ययन प्रतिवेदनको खाका

यस अध्ययनको पहिलो खण्डमा छोटो रूपमा पृष्ठभूमि र नेपालको शान्ति प्रक्रियाको बारेमा केही सन्दर्भ प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा यस अध्ययनको विश्लेषणत्मक खाका तथा यस अध्ययनमा प्रयोग गरिएको कार्य पद्धतिको वर्णन गरिएको छ । यसै गरी तेस्रो खण्डमा स्थानीय शान्ति समितिको कार्य क्षेत्र तथा जनादेशको बारेमा वर्णन गरिएको छ । खण्ड चारमा यो अध्ययनको परिणाम तथा समितिको संरचना, कार्य क्षेत्र, कार्यक्रमहरू तथा प्रभावकारिताको बारेमा छलफल गरिएको छ । खण्ड ५मा परिणामहरूको र समितिको प्रभावकारिताको विस्तृत विश्लेषण गरिएको छ । यस खण्ड पश्चात निष्कर्ष र सिफारिसहरू प्रस्तुत गरिएका छन् ।

## ३. स्थानीय शान्ति समिति

स्थानीय शान्ति समिति एउटा संयन्त्र हो जसले समावेशिता, शान्ति तथा देशको तल्लो तहदेखिको नेतृत्वको पुनर्संरचना, संवाद प्रक्रिया तथा स्थानीय संघर्षहरूको मध्यस्थतालाई प्रचारका साथ कार्यान्वियन गर्नु रहेको छ (व्यावकक, २०१३) ।

स्थानीय शान्ति समितिहरू जिल्ला, नगरपालिका, गाविस तथा शहरी क्षेत्रमा शान्ति स्थापना तथा पुनर्बहालीको लक्ष्य लिई स्थापना गरिएको हुन्छ (ओडेन्डाल र ओलिभर, २००८) । समितिको रणनीति नै शान्ति स्थापनाको संवाद, आपसी समझदारी, विश्वसनीयता, रचनात्मक तथा समावेशी तरिकाले द्वन्द्वको समायोजन तथा मेलमिलापको लागि सबै पक्षहरूलाई संलग्न गरी एउटा समाधान खोज्ने रहेको छ ।

### स्थानीय शान्ति समितिको संरचना

स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्त (बुँदा) हरू अनुसार समितिको गठन पूर्णरूपमा समावेशी तथा सहभागितामूलक हुनुपर्ने प्रावधान रहेको छ । यसमा पनि जिल्ला स्तरीय समितिमा २३ जनासम्म पदाधिकारीहरू रहन सक्ने प्रावधान छ र यसका पदाधिकारीहरूमा राजनैतिक दल, नागरिक समाज, द्वन्द्वप्रभावित व्यक्ति तथा समुदायका अन्य व्यक्तिहरूको प्रतिनिधित्व रहनुपर्ने व्यवस्था छ । समितिमा कम्तीमा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित हुनु पर्ने प्रावधान छ र समितिको संयोजक हरेक ६ महिनामा परिवर्तन गरिनुपर्ने प्रावधान छ । यसैगरी राजनैतिक दलका धेरैमा १२ जनासम्म पदाधिकारीहरू जसले संविधानसभाको चुनावमा भाग लिएका छन्, उनीहरूले प्रतिनिधित्व गर्न सक्ने अधिकार रहेको छ । यसै गरी ४ जना प्रतिनिधिहरू नागरिक समाजबाट तथा शान्तिको क्षेत्रमा काम गर्दै आएका संघसंस्थाबाट तथा ४ जना पदाधिकारीहरु द्वन्द्व प्रभावितहरू, एक जना वाणिज्य संघबाट, २ जना समुदायका मानिसहरू तथा मधेसी, दलित, मुस्लिम र पिछडिएका वर्गहरूबाट, जुन अन्यबाट प्रतिनिधित्व नभएकाहरूबाट समितिमा प्रतिनिधित्व गर्न सक्ने प्रावधान रहेको छ ।

यसका साथै कार्यक्षेत्रगत शर्त (बुँदा) हरू (टिओआर) का आधारमा गाविस स्तरीय शान्ति समितिको स्थापना तथा संरचनाको प्रावधान रहेको छ । यसमा कम्तीमा ९ र बढीमा ११ जनासम्म पदाधिकारीहरू रहन सक्ने प्रावधान छ । जिल्लामा जस्तै गाविसमा पनि राजनैतिक दल, नागरिक समाज, आदिवासी, जनजाति, पिछडिएका वर्ग तथा द्वन्द्व प्रभावित व्यक्तिहरूको प्रतिनिधित्व रहनुपर्ने प्रावधान छ । यस समितिमा पनि ३३ प्रतिशत महिला समावेश गर्नै पर्ने प्रावधान रहेको छ । गाविसमा रहेका गाविस सचिवहरूले पनि समितिका सचिवको भूमिका निर्वाह गर्दै आइरहेका छन् र गाविस भवनहरूमा नै समितिका सम्पूर्ण काम कारबाहीहरू गरिन्छन् ।

स्थानीय शान्ति समितिका उद्देश्यहरू यसप्रकार रहेका छन् :

- बृहत् शान्ति सम्झौतालाई कार्यान्वयन गर्न सहयोग गर्ने र शान्ति प्रक्रियालाई अघि बढाउने
- शान्ति तथा पुनर्स्थापना मन्त्रालयको राहत वितरण कार्यक्रम तथा पुनर्निर्माण कार्यक्रमको अनुगमन गर्ने
- द्वन्द्व प्रभावित व्यक्तिहरू तथा उनीहरूको परिवारको स्थितिको बारेमा तथ्याङ्क संकलन गर्न कार्यदल (टाक्स फोर्स) लाई मद्दत गर्ने
- राजनैतिक र सामाजिक द्वन्द्वोत्तर अवस्थामा द्वन्द्व रूपान्तरण प्रक्रियालाई रचनात्मक सहयोग गर्ने
- मेलमिलाप, विश्वास विकसित गर्ने काम तथा मानिसहरूको घाउ भर्ने काममा लाग्ने
- स्थानीय स्तरमा राजनैतिक र सामाजिक विकासको अनुगमन गर्ने र स्थनीय द्वन्द्व व्यवस्थापन प्रक्रियामा असर पुऱ्याउने मुद्दाहरूको बारेमा जानकारी दिने

यसैगरी स्थानीय शान्ति समितिका जनादेशहरू यसप्रकार रहेका छन् :

- शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सल्लाहकार समितिसँग मिली र उनीहरूको सुझावमा शान्ति प्रक्रियालाई समर्थन गर्ने, स्थानीय विकासका कामहरू गर्ने, शान्ति प्रक्रियामा बाधा आउने कुनै पनि कामहरूलाई हुन नदिने;
- देश र विदेशका शान्ति अनुगमन गर्ने निकायहरू जस्तै संयुक्त राष्ट्र संघ तथा अन्यसँग साझेदारी गरी संविधान सभाको चुनावमा सघाउने;
- सरकारी तथा गैह्र सरकारी संस्थाहरूको साझेदारीमा स्थानीय स्तरको द्वन्द्वलाई व्यवस्थापन गर्ने ।

## ४. परिणाम र छलफल

यस खण्डमा स्थानीय शान्ति समितिका दुई मुख्य विशेषताहरूसँग सम्बन्धित समावेशिता तथा प्रभावकारिताका परिणाम प्रस्तुत गरिएको छ । दुवै विशेषताहरू आफ्नो भिन्नताका कारणले परिणामहरू छुट्टाछुट्टै जिल्ला र गाविस स्तरमा प्रस्तुत गरिएको छ ।

### ४.१. स्थानीय शान्ति समितिको समावेशिता

यस खण्डमा जिल्ला स्तरीय र गाविस स्तरीय शान्ति समितिका परिणामहरू खण्ड ४.१.१ र ४.१.२ मा प्रस्तुत गरिएको छ । हामीले हरेक चरणमा परिणामहरू समितिको संरचना तथा यसको कार्यसंचालन, लगायत नतिजा र समावेशितासँग सम्बन्धित भएर प्रस्तुत गरेका छौं ।

#### ४.१.१. बर्दिया जिल्ला स्तरीय शान्ति समितिको समावेशिता

**जिल्ला स्तरीय समितिको संरचनामा समावेशिता**

बर्दिया जिल्ला स्तरीय समितिले आफ्नो संरचनामा कार्यक्षेत्रगत शर्त (बुँदा) हरू कडाइका साथ पूरा गर्न असफल रहेको यस अध्ययनले देखाएको छ, तरपनि यस समितिका सचिव समिति समावेशी नै रहेको दाबी गर्दछन् । यस सम्बन्धी उनको भनाइ यसप्रकार रहेको छ :

*यस समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता रहेको छ र विभिन्न राजनैतिक दलका पदाधिकारीहरू, द्वन्द्व प्रभावित व्यक्तिहरू, वार एसोसिएसन, नागरिक समाज लगायतका व्यक्तिहरूको प्रतिनिधित्वमा कूल २३ जना पदाधिकारीहरू यस समितिमा रहेका छन् । (सचिव, जिल्ला शान्ति समिति)*

समावेशिताबारे उनको यस्तो दाबी भएतापनि कुनै ठाउँमा कार्यक्षेत्रगत शर्त (बुँदा) हरूको उल्लंघन भएको देखिन्छ । समितिमा राजनैतिक दलका[२] १२ जना सदस्यहरूको कोटा भएतापनि राजनीतिक दलका कूल १४ जना सदस्यहरू रहेका छन् । यसको फलस्वरुप सामाजिक कार्यकर्ता, द्वन्द्व प्रभावित व्यक्तिहरू तथा नागरिक समाजबाट कम प्रतिनिधित्व भएको छ । यी निकायहरूबाट ४ जना पदाधिकारीको सट्टामा केवल ३ जनाको प्रतिनिधित्व रहेको छ । यस समितिमा वाणिज्य संघ तथा पिछडिएका वर्गहरू दुवैतर्फबाट १ जनाको प्रतिनिधित्व रहेको छ । यस समितिमा कार्यक्षेत्रगत शर्त (बुँदा) हरूको किन पूर्णरूपमा पालना नभएको भन्ने बारेमा कुनै पनि व्याख्या गरिएको छैन र प्रतिनिधित्व कम भएको समूहको पनि समावेशिता कायम गर्न कुनै प्रयास गरेको देखिएको छैन । यस्ता किसिमका राजनैतिक हैकमहरू देशका अन्य भाग तथा बर्दिया जिल्लामा पनि रहेको अन्य अध्ययनहरूले पनि देखाएको छ (पिस स्ट्रक्चर कोअर्डिनेसन डिभिजन र शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३) ।

यस समितिमा महिलाहरूको पनि प्रतिनिधित्व कार्यक्षेत्रगत शर्त (बुँदा) हरूमा उल्लेखित व्यवस्था भन्दा कम रहेको देख्न सकिन्छ । कूल ३३ प्रतिशत महिला रहनुपर्ने व्यवस्था रहेतापनि समितिमा महिला प्रतिनिधिहरू कम थिए जुन कुराको जानकारी त्यहाँ रहेकी महिला सदस्यबाट पाइएको थियो । साथै समितिमा रहेका पदाधिकारीहरूको नामावलीबाट पनि प्रस्टरूपमा देख्न सकिन्छ । तर समितिका सचिव भने यो कुरालाई नकार्दै त्यहाँ ३३ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको दाबी गर्दछन् ॥ यस विषयमा महिला सदस्यको भनाइ यसप्रकार छ :

*यस समितिमा केवल ४ देखि ५ जना मात्रै महिला सदस्यहरू छन् र हामी समितिमा कूल ३३ प्रतिशत छैनौं । ३३ प्रतिशत प्रतिनिधित्वको कुरा राजनैतिक दलहरूले नै उठाएका कुरा हुन् तर बर्दिया जिल्लामा यस विषयमा कसैले पनि महिला प्रतिनिधित्व बढाउने प्रयास गरेका छैनन् र महिलाहरूलाई प्राथमिकता दिने गर्दैनन् । (समिति सदस्य, महिला)*

राजनैतिक दलहरूको बढी प्रतिनिधित्व र महिला, सामाजिक कार्यकर्ता, द्वन्द्व प्रभावित व्यक्तिहरूको कम प्रतिनिधित्वले गर्दा यसले समितिको समावेशिताको विषयमा निकै नै ठूलो प्रश्न उठाउने गर्दछ जसले गर्दा कम प्रतिनिधित्व भएका वर्गहरूले उठाउने कुराहरूको सुनुवाइ राम्रो तरिकाले नहुने पनि हुन सक्ने सम्भावना बढी रहन सक्छ ।

जिल्ला स्तरीय शान्ति समितिहरूले मासिकरूपमा आफ्ना समितिका सदस्यहरूसँग गोष्ठी चलाउँदै आइरहेका छन् र भैपरिआएको बखतमा अन्य समयमा पनि बैठकहरू बस्ने गरेका छन् । यस्ता किसिमका बैठकहरूमा निर्णय गर्दा बहुमतलाई प्राथमिकता दिने चलन रहेको छ । यस्ता किसिमका निर्णयहरूबाट अल्पसंख्यक तथा महिलाहरूको भूमिकाको बारेमा प्रश्न चिन्ह खडा गर्दछ । तत्कालीन अवस्थामा हेर्दा महिलाहरूको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा कम रहेको छ र यदि उनीहरूले कुनै पनि निर्णयको अनुमोदन गराउने हो भने पुरुषहरूको सहायताको आवश्यकता पर्ने गर्दछ । तर कुनै परिप्रेक्ष्यमा अल्पसंख्यक समूहहरूले पनि कुनै निर्णयलाई आफ्नो पक्षमा पार्न सकेका उदाहरणहरू पनि प्रशस्त नै छन् । यस जिल्लामा रहेका द्वन्द्व प्रभावित महिलाहरूराहत पाउन किन अयोग्य ठानिए भन्दै समितिमा रहेका महिला प्रतिनिधिहरूले प्रश्न उठाए । किन उनीहरूलाई राहत दिनबाट बञ्चित गरियो भन्ने विषयमा अनुसन्धान गरी

[२] यस समितिमा विभिन्न राजनैतिक दलका पदाधिकारीहरूको संलग्नता रहेको छ र यी पार्टीहरू यस प्रकार रहेका छन् : नेकपा ऐमाले, नेकपा माओवादी, नेपाली काङ्ग्रेस, मधेसी जनअधिकार फोरम नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी, सदभावना पार्टी, नेकपा माले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रिय जनशक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, सद्भावना आनन्ददेवी ।

उनीहरूको हकअधिकार सुनिश्चितताको वकालत गर्दै राहत दिलाउन समितिमा रहेका महिलाहरू सफल भएका थिए। यस्ता उदाहरणहरूले के संकेत दिन्छन् भने समितिहरू यदि निष्पक्षरूपमा लागिपर्छन् भने प्रभावितहरूलाई समावेशी रूपमा सेवा सुविधा/दान गर्न सजिलै सकिन्छ र त्यसले राम्रो परिणाम ल्याउन मद्दत गर्दछ।

## जिल्ला स्तरीय शान्ति समितिको सेवा प्रबन्धमा समावेशिता

यस अध्ययनका सिलसिलामा लिइएको कुनै एउटा श्रोतको परामर्शका अनुसार समितिद्वारा प्रदान गरिएको सेवा तथा द्वन्द्व प्रभावित व्यक्तिहरूको चयन र पहिचानको प्रक्रिया राम्रो ढङ्गले नगरिएको जनाइएको छ। यस जिल्लाका प्रमुख जिल्ला अधिकारीका अनुसार भरपर्दो अनुसन्धानको कमीमा असली द्वन्द्व प्रभावित व्यक्तिहरूको पहिचान राम्रो तरिकाबाट नभएको र नक्कली द्वन्द्व प्रभावितहरूले उनीहरूको सट्टामा राहत पाउँदै आएका जानकारी प्रदान गरिएको थियो। यसका अलावा अन्य कुनै किसिमको भेदभाव तथा पूर्वाग्रह थिएन र नक्कली द्वन्द्व प्रभावितहरूले राहत नपाएका कुराको जानकारी गराएका थिए।

यसका अलावा समितिले राजनैतिक संलग्नताका अनुसार कुनै पनि व्यक्तिले राहत पाएका घटना र कुनै पनि व्यक्तिले आवश्यक कागजात नहुँदा पनि राहत पाएका घटनाहरूको प्रमाण फेला पारेको छैन। मुख्य व्यक्तिहरू र द्वन्द्व प्रभावित व्यक्तिहरूको अन्तर्वार्ताको आधारमा राहत वितरण प्रबन्ध समावेशी तरिकाबाटै भएको देखिन्छ। द्वन्द्व प्रभावित व्यक्तिहरूले राहतको लागि आवेदन दिँदा प्रायः सबै किसिमका कागजातहरू जस्तै नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो, नगरपालिका वा गाविसको द्वन्द्व प्रभावित व्यक्ति भएको पहिचान सम्बन्धि पत्रको आवश्यकता हुन्छ। यी सबै कागजातहरू पेश गरिसकेपछि मात्र द्वन्द्व प्रभावित व्यक्तिहरू राहत लिनको लागि योग्य हुन्छन्।

धेरै जसो द्वन्द्व प्रभावित उत्तरदाताहरूको अवधारणा अनुसार उनीहरू सरकारबाट आफूले पाउने राहत लिन सफल रहेका छन्। तर पनि कोही त्यस्ता उत्तरदाताहरू थिए जो आफू द्वन्द्व प्रभावित भएतापनि आफूलाई सरकारले राहत दिन अस्वीकार गरेको र सम्पूर्ण कागजातहरू बुझाइसकेको भएपनि अहिलेसम्म राहत नदिएको गुनासो गर्नेहरू पनि थिए जसले सेवा प्रदानमा हुने समावेशिताको बारेमा प्रश्न उठाउने गरेका थिए। यस्तै एउटा उदाहरण गुलेरियाको लिन सकिन्छ जहाँ एक अपहरण पश्चात बेपत्ता पारिएका व्यक्तिकी श्रीमतीले आफू द्वन्द्व प्रभावित भएतापनि अहिलेसम्म राहत पाएका छैनन्। उनी द्वन्द्वप्रभावितको सूचीकरणमा पर्न सफल भएकी छिन् र उनका सबै कागजातहरू तथा पत्र बुझाइसकेका छन् तर पनि जिल्ला समितिबाट अहिलेसम्म कुनै पनि जवाफ आएको छैन जसले गर्दा समावेशितामा अर्को प्रश्न उठ्दछ। यस प्रसङ्गले गर्दा जिल्ला स्तरीय शान्ति समितिको चाहना र कार्य क्षमताका विषयमै ठूलो प्रश्नचिन्ह खडा गर्दछ।

यो प्रसङ्गसँगै द्वन्द्वपीडित व्यक्तिले राहत पाउन असक्षम रहेको अर्को उदाहरण पनि रहेको छ। एक उत्तरदाताका अनुसार एउटा व्यक्तिलाई माओवादीले द्वन्द्वकालमा कुटेका थिए र उनले राहत पाउन सफल भए तर उनका छोरा जसलाई नेपाली सेनाले अपहरण गरी कुटे ऊ अहिलेसम्म पनि सरकारी राहत पाउन अयोग्य नै रहेको छ। यस विषयलाई जिल्ला समितिमा उजुरी पनि भइसकेको छ र उनीहरूको तर्फबाट पनि मन्त्रालयमा काम अगाडि बढाइसकेपछि पनि ती व्यक्ति अझै पनि राहत पाउन सफल भएका छैनन्।

## ४.१.२. गाविस स्तरीय शान्ति समितिको समावेशिता

यस अध्ययनमा रहेका नेउलापुर र भिमापुर गाविसका स्थानीय समिति दुवैमा ११ जना पदाधिकारीहरू रहेका छन्। प्रायजसो पदाधिकारीहरू राजनैतिक पार्टीका रहेका छन् र अन्य पदाधिकारीहरू द्वन्द्व प्रभावित समूहका, पिछडिएका वर्ग, सीमान्तीकृत वर्ग तथा सामाजिक कार्यकर्ता रहेका छन्। यी दुवै समितिहरूमा केवल ९ जना पदाधिकारीहरू हुनुपर्नेमा ११ जना पदाधिकारीहरू छन्। मानिसहरूको समितिमा रहने आकांक्षाले दुवै समितिमा २ जना पदाधिकारी बढी

रहेका छन् । दुवै समितिमा महिलाहरूको एक तिहाइ प्रतिनिधित्व रहेको छ (११ जनामा ४ जना) । यी दुवै समितिमा द्वन्द्व प्रभावित व्यक्ति, स्थानीय बासिन्दा, पिछडिएका वर्गहरू तथा विपन्न वर्गका व्यक्तिहरू जस्तै दलित, मधेसीहरू समितिमा आवद्ध थिए ।

यी दुवै गाविस स्तरीय समितिहरूमा शुरूको अवस्थामा मासिकरूपमा गोष्ठीहरू संचालन गर्दै आएका थिए । यी गोष्ठीहरूमा समितिले गर्ने कार्यहरूको विवरण तथा द्वन्द्व प्रभावित व्यक्तिहरूको पहिचानको अवस्था र उनीहरू कति जना छन् भन्ने बारेमा जानकारी गराउने गरिन्छ । तर यी गाविस समितिहरूले यस्ता किसिमका गोष्ठीहरूको निरन्तरता दिन सकेका छैनन् र गोष्ठीहरू नियमितरूपमा संचालन गर्न सकेका छैनन् । समितिका संयोजकको नियमित भेटघाट भएता पनि समितिका सदस्यहरूको अनुत्तरदायीपनका कारण कार्यक्रमहरूमा अनियमितता रहेको छ । यस क्रममा नेउलापुर गाविस समितिका संयोजकले समितिमा रहेका पदाधिकारीहरूको समितिमा रहने आकांक्षा नभएका कारण मानिसहरू गोष्ठीमा अनियमितरूपमा आउने गरेका छन् । यसै सन्दर्भमा समितिका संयोजकको भनाइ यस्तो रहेको :

> *मैले सबै समितिका सदस्यहरूलाई २४ तारिखका दिन ठीक ११ बजे गोष्ठीको लागि बोलाएको थिएँ तर कोही पनि सदस्यहरू १२ बजेसम्म पनि आएनन् । त्यसैले मैले गोष्ठी नै पछि सारेको थिएँ । उनीहरू सबैले समयको ख्याल गर्नुपर्छ । उनीहरू खालि भत्तामात्र लिनको लागि समितिमा आउने कुरा भएन नि । (संयोजक, स्थानीय शान्ति समिति, नेउलापुर)*

समितिका सदस्यहरूमा आर्थिक प्रोत्साहनले निकै नै ठूलो भूमिका खेल्ने गरेको छ र यही आर्थिक प्रोत्साहन धेरै नभएका कारणले गर्दा सदस्यहरूको समितितर्फको योगदान कम हुँदै गएको छ ।

## गाविस स्तरीय शान्ति समितिको सेवा प्रदानमा समावेशिता

गाविसको समितिमा रहेका पदाधिकारीहरूसँगको अन्तवार्ता अनुसार समितिका द्वन्द्व प्रभावित व्यक्तिहरूको सेवा प्रयोजनमा केही किसिमको भेदभाव तथा बहिष्करण देखिएको छ । यस्ता किसिमका अवस्थाहरू गाविसमा स्थानीय समिति गठन गर्नुभन्दा अघि रहेका थिए जहाँ द्वन्द्व प्रभावित व्यक्तिहरूको नामाङ्करण तथा सूचीकरण राजनैतिक दलका पदाधिकारीहरूले शुरू गरेका थिए । उत्तरदाताहरूका अन्तर्वार्ता अनुसार पहिले द्वन्द्व प्रभावित व्यक्तिहरू सूचीकरण गर्दा विभिन्न त्रुटिहरू भएका थिए र मानिसहरू कति वहिष्कृत भए भने कतिलाई आफ्नो चिनजानको भरमा द्वन्द्व प्रभावित नभएतापनि सूचीकृत गराइयो । द्वन्द्व प्रभावितमध्ये पनि कतिले आफ्नो सीमित ज्ञानका कारण, प्रशासकीय प्रयोजन, उपयुक्त जानकारीको अभाव तथा सरकारी कर्मचारीहरूसँगको सम्बन्ध, उमेर, लिङ्ग र अपाङ्गताका कारणले बहिष्कृत हुनु परेको थियो ।

उत्तरदाताहरूका धारणाअनुसार धेरैजसो द्वन्द्व प्रभावित व्यक्तिहरू पहिलो चरणको सूचीकरणको प्रक्रियामा छुटेका थिए । यसको मुख्य कारण भनेको सूचीकरणमा संलग्न राजनैतिक कार्यकर्ताहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई दिने राहतहरू तथा यसका प्रक्रियाको बारेमा निकै नै थोरै जानकारी प्रदान गरेका थिए र केवल आफ्ना चिनजानका मानिसहरूलाई सूचीकृत गरेका थिए । विभिन्न प्रतिवेदनहरूले पनि यो सेवा प्रयोजनमा राजनीतीकरण भएको र राजनितिज्ञहरूको चिनजानमा रहेका मानिसहरूले आफू द्वन्द्व प्रभावित नभएतापनि राहतको लागि सूचीकृत हुने गरेका कुराहरू देखाएका छन् । यसै सम्बन्धमा केही धारणाहरू यस प्रकार छन् :

> *हामीले द्वन्द्व प्रभावित व्यक्तिहरू तथा विस्थापित व्यक्तिहरूको लागि दिएको राहत अहिले सम्म पनि पाउन सकेका छैनौँ । यो गाउँमा प्रायजसो सबै मानिसलाई हामी द्वन्द्व प्रभावित हौँ भन्ने कुरा अवगत नै छ तर सरकारले हामीलाई अहिलेसम्मन् पनि राहत प्रदान गरेको छैन । हामीलाई राहत दिनुको सट्टामा सरकारले द्वन्द्व प्रभावित नै नभएका व्यक्तिहरूलाई विभिन्न माध्यमहरूबाट राहत दिँदै आएको छ । (द्वन्द्व प्रभावित, भिमापुर)*

*हामी द्वन्द्वकालमा यस ठाउँबाट विस्थापित भएका थियौं तर यहाँबाट विस्थापित नहुनेहरूले पनि सरकारी राहत पाएका घटणाहरू छन् । मैले तपाईंलाई हामीले राहत नपाएर यो गुनासो गरेको होइन, मैले त केवल मेरो असन्तुष्टि मात्रै जाहेर गरेको हुँ । मैले केवल यो मात्र भन्न खोजेको हुँ कि जो मानिस वास्तविक द्वन्द्व प्रभावित हुन् त्यस्ता मानिसले सरकारबाट सहयोग पाउनुपर्ने हो । (द्वन्द्व प्रभावित, भिमापुर)*

यस अध्ययनअनुसार राजनैतिक कार्यकर्ताहरूसँग सम्बन्ध नभएका कारणले मात्र वास्तविक द्वन्द्व प्रभावित व्यक्तिहरूले राहत नपाएका र उनीहरू सूचीकरणबाट बञ्चित भएका भने हैनन् । यसमा अर्को समस्या भनेको सूचीकरण प्रक्रियाको समय पनि रहेको छ । सूचीकरण प्रक्रिया आरम्भ भएको समय भनेको प्रायजसो द्वन्द्व प्रभावित व्यक्तिहरू आफ्नो गाउँमा नरहेको समय थियो । यसमा नेउलापुरको स्थानीय समितिका संयोजक पनि परेका छन् जुन बेलामा उनी सहित उनका परिवारका सदस्य सबै आफ्नो ज्यान जोगाउन गाउँबाट भागेका थिए । यसलगायत अन्य विस्थापितहरू पनि भारततर्फ भागेका थिए । जब यस्तो समयमा नाम सूचीकरणको प्रक्रिया अगाडि बढाइयो तब गाउँमा नरहेका विस्थापितहरू सूचीकरणबाट छुट्टिएका थिए । यसपश्चात जब सूचीकृत नामावलीहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइयो तब सूचीकृत नभएका असली द्वन्द्व प्रभावित व्यक्तिहरूले पनि राहत पाउन सक्ने सम्भावना भएन, जुन कुरालाई विभिन्न प्रतिवेदनहरूले पनि प्रस्तुत गरेका छन् (मानव अधिकार, २०११) । यस पश्चात पनि धेरै घर फर्केका द्वन्द्व प्रभावित व्यक्तिहरूले द्वन्द्व प्रभावितको रूपमा आफ्नो नामको गाविसको पत्रसहित सूचीकृत गराएका थिए । उनीहरूलाई राहत दिलाउने आश्वासन दिएतापनि उनीहरूले अहिलेसम्म पनि राहत पाउन सकेका छैनन् ।

यस अध्ययनअनुसार गाविस स्तरीय समितिको स्थापना हुनु पहिले जुन किसिमको नामावली सूचीकरणमा प्रायजसो द्वन्द्व प्रभावितहरू बहिष्कृत भएका थिए त्यो प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक नै देखिन्छ । त्यसमा पनि समितिका संयोजक जो आफैं पनि द्वन्द्व प्रभावित थिए र आफ्नो नाम सूचीकरणमा पार्न सकेनन्, उनले पनि अहिलेसम्म राहत पाउन सकेका छैनन् । यस्तो अवस्था विश्लेषण गर्दा असली द्वन्द्व प्रभावितहरूको अवस्था निकै नै दयनीय रहन सक्ने देखिन्छ । यो सूचीकरण जानीजानी गरिएको नदेखिएतापनि यसमा कुनै न कुनै किसिमको बहिष्करण भने देख्न सकिन्छ जसले असली द्वन्द्व पीडितहरूको ठूलो समूहलाई नै राहतबाट वञ्चित गरिएको छ ।

उत्तरदाताहरूले उठाएका प्रसङ्गहरूमध्ये विशेष गरी दुईवटा उदाहरणले वहिष्करणलाई प्रस्ट पार्न मद्दत गर्दछ । पहिलो अवस्थामा एउटा नेउलापुरमा रहेको द्वन्द्व पीडित व्यक्तिलाई राज्यको तर्फबाट अपहरण गरी १८ महिनासम्म जेल हालिएको थियो । त्यस समयमा उनलाई नराम्रोसँग शारीरिक यातना दिइयो । त्यसबाट उनको मानसिक अवस्था असन्तुलित भएको थियो । यसअनुसार उनलाई सोझै द्वन्द्व प्रभावित घोषणा गरी सिधै राज्यको राहत सेवा प्रदान गरिनुपर्ने हो (थप प्रसङ्ग बाकस –१ मा) । अर्को अवस्था भनेको भिमापुर गाविसको हो जहाँ एक उत्तरदाताका भाइ माओवादीद्वारा मारिएका थिए र उनको नामको राहत रकम उनकी पत्नीले पाएकी थिइन् (विस्तृत प्रसङ्ग बाकस – २ मा) । यी महिलाले आफू पुनः अर्को पुरुषसँग विवाह गरेपश्चात पनि राहत पाइरहेकी छिन् भन्ने गुनासो मृत्यु हुनेका बुबाले कैयौं पटक उठाउँदै आएका छन् । उनले मृतककी श्रीमतीको सट्टामा आफूले राहत पाउनु पर्ने तर्क जाहेर गरेका छन् । विभिन्न प्रतिवेदनहरूमा पनि मृतककी श्रीमतीले अरू पुरुषसँग विवाह गर्छिन् भने उनलाई द्वन्द्व पीडित मानिँदैन र राहत घरका अन्य सदस्यलाई दिनुपर्ने तर्क राख्ने गरिएको छ (नेपाल मनिटर, २०११) । यो अवस्थामा ती उत्तरदाताले आफ्ना भाइकी श्रीमतीको प्रशासनमा रहेका पदाधिकारीसँग कुनै किसिमको चिनजान रहेको कुरा व्यक्त गरेका छन् ।[३]

[३] यो राहत सम्बन्धी मृतक तथा द्वन्द्व प्रभावित व्यक्तिका बुबाआमालाई नभईकन श्रीमतीलाई राहत दिइने समस्या गाउँमा एउटामात्र समस्या होइन , यस्ता समस्याहरू थुप्रै मानिसहरूबाट उठाइएको समस्या हो जहाँ श्रीमतीले पुनः विवाह गरेपश्चात पनि राहत पाइनै रहेको अवस्था छ ।

**वाकस १ : नेउलापुरमा द्वन्द्व प्रभावित व्यक्तिको वहिष्कारको उदाहरण**

मेरो छोरो सन् २००२ मा सेनाबाट अपहरित भएको थियो र उसलाई त्यसपश्चात १८ महिनाको लागि जेल हालियो। उसलाई माओवादीसँग आवद्ध भएको भन्दै सेनाले पक्डी लगेको थियो तर ऊ माओवादीसँग आवद्ध थिएन। मैले उसलाई धेरै पटक सेनाको पकडबाट छुटाउने प्रयास गरेँ तर सकिन। अन्तमा उसलाई छाडियो। उसको जेल बसाइको समयमा उसलाई निकै धेरै शारीरिक यातनाहरू दिइयो र उसलाई जब छोडियो तब उसले आफ्नो चेतना गुमाइसकेको थियो। अहिले ऊ हामीसँगै छ, ऊ कहिले ठीक हुन्छ र कहिलेकाहीँ फेरि चेतना गुमाउँछ। मैले समितिका संयोजकको सहायतामा राहतको लागि दरखास्त दिएको थिएँ तर प्रशासनका अधिकारीहरूले मेरो छोरालाई पनि सँगै ल्याउन आवश्यक रहेको बताए। उसलाई पुलिस तथा सेनाहरूको अगाडि जान नै डर लाग्दछ र पोशाकधारी देख्नासात उसलाई कुट्छ भनी भाग्ने गर्दछ। हामीले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनौँ।

**वाकस २ : भीमापुरमा द्वन्द्व प्रभावित व्यक्तिको वहिष्करणको उदाहरण**

मेरो भाइ द्वन्द्वकालमा माओवादीद्वारा मारिएको थियो। राज्यले मेरो भाइको नाममा उसकी श्रीमतीलाई राहत प्रदान गर्‍यो र उसले केही समयपछि पुन विवाह गरी। मेरा बृद्ध आमाबुबा हुनुहुन्छ र उहाँहरू एक्लै नै हुनुहुन्छ। आम्दानीको पनि कुनै राम्रा श्रोतहरू छैनन्। मेरा आमाबुबाले आफैँले राहत पाउने आशा राख्नु भएको थियो तर प्रशासनले राहत पाउने अधिकार केवल मृतककी श्रीमतीको मात्र रहेको जानकारी गरायो। जब भाइकी श्रीमतीले पहिलो चरणको पैसा प्राप्त गरी ऊ अर्केसँग भागी तरपनि उसले अझैसम्म पनि राहत पाइरहेकी नै छे जबकि उसलाई अहिले द्वन्द्व प्रभावित भन्न मिल्दैन। मेरो विचारमा कि मेरा आमाबुबालाई, कि दाइकै छोराछोरीलाई राहत दिइनुपर्छ। समितिले पनि यो कुरा नउठाएको हैन तर अझै पनि केही प्रगति भएको छैन। राज्यले हामीलाई न्याय दिनैपर्छ।

यी अवस्थाहरूले हामीलाई के सझाउँछ भने हामीले द्वन्द्व प्रभावितहरूलाई सहज रूपमा राहत तथा अन्य सेवा प्रदान गर्न तथा उनीहरूको आवश्यकता पूरा गर्न अझै पनि निकै धेरै कसरत गर्नुपर्ने देखाएको छ। माथि उल्लेख गरिएका दुवै परिस्थितिमा पनि गाविस स्तरीय शान्ति समिति द्वन्द्व पीडितलाई राहत दिलाउने कुनै पनि भूमिका निर्वाह गर्न सफल भएको छैन। यी समितिहरूका संयोजकहरूले जिल्ला स्तरीय समिति तथा मन्त्रालयमा पनि राहत दिलाउन प्रयास गरेतापनि ती प्रयासहरू असफल रहेका छन्।

## ४.२. स्थानीय शान्ति समितिको कार्य, प्रभावकारिता तथा जनादेशको आकलन

### ४.२.१. जिल्ला स्तरीय समितिको परिणाम

#### जिल्ला स्तरीय शान्ति समितिको भूमिका, जिम्मेवारी र कार्य

जिल्ला स्तरीय शान्ति समितिको मुख्य जिम्मेवारी जिल्लामा रहेका द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत प्रदान गर्नु, प्रभावित व्यक्तिहरूको छानविन गर्नु, पहिचान गर्नु तथा सुझाव दिनु रहेको छ। जिल्ला समितिले जिल्लाका विभिन्न सरोकारवालाहरू तथा जिल्ला प्रशासन प्रमुखजस्ता व्यक्तित्वहरूसँग समन्वय राखी राहत वितरणमा सहयोग पुर्‍याउने गर्छ र यो समिति शान्ति स्थापना गर्न जिम्मेवार रहेको हुन्छ। यसका साथै जिल्लामा शान्ति पुनर्स्थापना तथा गाउँ घरमा भएका झैझगडाहरूलाई समाधान गर्ने जिम्मेवारी पनि समितिको रहेको छ। यो अध्ययनले देखाएअनुसार उत्तरदाताहरूको दृष्टिकोणमा जिल्ला शान्ति समितिले आफ्नो जिम्मेवारीको वहन सन्तोषजनक र निष्पक्ष रहेको देखिन्छ।

जिल्ला समितिका सचिवका अनुसार जिल्ला शान्ति समितिको कार्य यसप्रकार रहेको छ :

*जिल्ला शान्ति समितिको मुख्य कार्य समुदायमा रहेका द्वन्द्व प्रभावित व्यक्तिहरूको कल्याणकारी काम गर्नु हो। (सचिव, जिल्ला शान्ति समिति)*

यसै गरी जिल्ला प्रशासन कार्यलयका अधिकारी यस विषयमा यस्तो अवधारणा राख्छन् :

*स्थानीय शान्ति समितिको मुख्य कार्य भनेको द्वन्द्व प्रभावित व्यक्तिहरू, द्वन्द्वकालमा अपाङ्गता भएकाहरू तथा शहीद घोषित भएकाहरूका परिवारजनलाई राहत प्रदान गर्न मद्दत गर्ने र राहतको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिश गर्ने हो।*

यस अध्ययनका अनुसार जिल्ला शान्ति समितिले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत दिलाउन पक्कै पनि मद्दत पुऱ्याइरहेको छ र उनीहरूको राहतको लागि जिल्ला प्रशासन कार्यालयमा पत्रमार्फत सिफारिश गर्ने गर्दछ। यस अध्ययनअनुसार समितिद्वारा सरकारलाई द्वन्द्व पीडितहरू जसले राहत पाएका छैनन् उनीहरूले राहत पाउनुपर्ने तर नपाएको सन्दर्भमा सरकारलाई घचघच्याइरहेका धेरै उदाहरणहरू रहेका छन्।

यसका साथै जिल्ला समितिका सचिवका अनुसार समितिले गर्दै आएका कामहरूमा विभिन्न कार्यक्रमहरू जस्तै द्वन्द्व प्रभावित व्यक्तिका परिवारजनहरूमा जनचेतनामूलक कार्याक्रमहरू पुऱ्याउनु रहेको छ। जिल्ला समिति कुनै पनि किसिमका झैझगडा निवारण गर्ने कुरामा सहभागी नहुने र उसले यस्ता झैभगडालाई सोझै प्रहरी तथा प्रशासनमा पठाउने गरेको छ। यस्ता किसिमका सामाजिक कामहरू तथा झैझगडालाई मिलाउनुपर्ने आवश्यकता कार्यक्षेत्रगत शर्त (बुँदा) हरूमा उल्लेखित भएपनि समिति केवल जनचेतनामूलक कार्यहरूमा मात्र सीमित रहेको छ। यसै सन्दर्भमा जिल्लाका प्रमुख जिल्ला अधिकारी यस्तो अवधारणा राख्दछन् :

*स्थानीय शान्ति समितिहरूले केही कामहरू आफ्नो कार्यक्षेत्रगत शर्त (बुँदा) हरूभन्दा केही बढी गरेका छन् र ती जनचेतना फैलाउने र जानकारीहरू मात्र गराउने रहेका छन्। जिल्लास्तरमा समितिले कुनै पनि खालका झैझगडा तथा द्वन्द्व समाधानका कामहरू केही पनि गरेका छैनन्। (जिल्ला प्रमुख, बर्दिया)*

यसै सन्दर्भमा समितिका महिला सदस्यको अवधारणा यस्तो रहेको छ :

*हामी केवल द्वन्द्व प्रभावितहरूको लागि मात्र कार्यक्रमहरू संचालन गर्दछौँ। यदि द्वन्द्व प्रभावित व्यक्तिहरूसँग सम्बन्धित कुनै नयाँ द्वन्द्व तथा झैझगडका विषय छन् भने हामी त्यसमा सामेल हुन्छौँ र आम मानिसका त्यस्ता समस्यामा हामी सामेल हुँदैनौँ। ( महिला सदस्य, स्थानीय शान्ति समिति, बर्दिया)*

यसैगरी जिल्ला शान्ति समितिले द्वन्द्वका कारणले गर्दा अनाथ भएका बालबालिकाहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्न पनि काम गर्दै आइरहेको छ। समितिले जिल्ला शिक्षा कार्यालयसँग समन्वय राखी टुहुरा तथा अनाथ बालबालिकाहरूको लागि आर्थिक सहयोग प्रदान गर्दै आइरहेको छ। हाम्रो अध्ययनको अवधिमा करिब २० जना जति द्वन्द्वबाट अनाथ भएका बालबालिकाहरूको लागि समितिले शिक्षा सुविधा प्रदान गरिसकेको छ र अन्य अनाथ बालबालिकाहरू जो द्वन्द्व प्रभावित छन्, उनीहरूको पहिचान कार्य जारी रहेको छ।

यी कार्यहरूका बाबजुद पनि यस अध्ययनले बर्दिया जिल्ला शान्ति समितिको कुनै पनि किसिमका ठोस योजनाहरू रहेको देखाएको छैन। न त समितिका सचिव, न त अन्य सदस्यहरूले पनि समितिका भविष्यका योजनाहरूका बारेमा थप जानकारी प्रदान गर्न सकेका थिए। यस्तै व्यावकक (२०१४) को अध्ययनमा धादिङ्ग जिल्ला शान्ति समितिले भने आफ्नो छुट्टै कार्ययोजना तथा विभिन्न किसिमका कार्यक्रमहरू संचालन गर्दै आएको थियो जुन कार्यहरू समितिका कार्यक्षेत्रगत शर्त (बुँदा) हरूभन्दा बाहिर रहेका थिए। समितिका कामहरूमध्ये झैझगडाहरू समाधान गर्ने, द्वन्द्व प्रभावित व्यक्तिहरूलाई रोजगारीको अवस्था सिर्जना गर्न विभिन्न रोजगारीमूलक तालिमहरू दिने, द्वन्द्व प्रभावित

व्यक्तिहरूसँगको समन्वयमा हितकारी कामहरू गर्ने र अन्य शान्ति स्थापना तथा मेलमिलापका कामहरू गर्ने रहेका छन् । यस्तैगरी दाहाल र भट्ट (२००८) को अध्ययनले पनि अन्य जिल्लाका शान्ति समितिहरूले माओवादीद्वारा कब्जा गरिएका सम्पत्तिहरू फिर्ता दिलाउने कार्यक्रमहरू संचालन लगायत द्वन्द्व प्रभावितहरूको पुनर्स्थापना, पुनर्वासलगायत भौतिक पुनर्निर्माणका कामहरू पनि गर्ने गरेको देखापरेको छ । तर यस अध्ययनमा रहेको जिल्ला समितिले भने केवल प्रभावितहरूलाई राहत दिलाउने काममा मात्र सीमित भई काम गरेको छ जसले गर्दा यसको आफ्नो कार्य क्षमतामा नै ठूलो प्रश्न उठ्ने गरेको छ ।

## शान्ति समितिका श्रोतहरू

जिल्ला स्तरीय शान्ति समितिलाई मानवीय संशाधनको हिसाबमा सम्पूर्ण कार्य संचालन गर्न केवल ३ जना कर्मचारी सरकारद्वारा प्रदान गरिएको छ । यी ३ जना कर्मचारीमा समितिका सचिव, प्राविधिक कर्मचारी र कार्यालय सहायक रहेका छन् । यस समितिका सचिवको कार्यालयका सबैजसो कामको जिम्मेवारी रहेको हुन्छ र समितिका सबै सदस्यहरूको जिम्मेवारी भनेको द्वन्द्व प्रभावित व्यक्तिहरूको पहिचान, पुष्टीकरण तथा राहतको लागि प्रेषण गर्ने रहेको छ ।

यस समितिमा रहेका सबै कर्मचारीहरूलाई आर्थिक रूपमा शान्ति तथा पुर्नस्थापना मन्त्रालयबाट नै सहयोग प्राप्त भएको छ । यस समितिका कर्मचारीहरूको तलबको अलावा मन्त्रालयले वर्षिकरूपमा समितिलाई ५ लाख रुपैंया प्रदान गर्दै आएको छ र यो रकमले द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि कार्यक्रम संचालन गर्नुका साथै कार्यालय संचालन गर्न प्रयोग गरिँदै आएको छ । यस समितिलाई मन्त्रालयले दिँदै आएको बजेट रकम अपर्याप्त रहेको छ र यस रकमले समितिका सबै उद्देश्यहरू पूरा गर्न पनि कठिनाइ रहेको परिणाम यस अध्ययनले देखाएको छ । यसै सन्दर्भमा कार्यालयका सचिवको धारणा यस्तो रहेको छ :

> *यस समितिलाई प्रदान गरिने कूल बजेट रकम करिब ५ लाख रुपैंया रहेको छ र यो बजेट रकम अन्तर्क्रिया कार्यक्रमहरू गर्दैमा सकिन्छ । यो बजेटले जिल्लामा द्वन्द्व प्रभावितहरूको लागि अन्य कामहरू गर्न पर्याप्ति रहेको छैन । (सचिव, जिल्ला शान्ति समिति)*

समितिको बजेट लगायत मन्त्रालयले समितिलाई कार्यालयको भौतिक प्रयोजनका लागि चाहिने सामाग्रीहरू जस्तै टेवल, डेस्क, आगन्तुकहरूका लागि सोफा, दराज, टेलिफोन, फ्याक्स मेसिन, दुई वटा कम्प्युटर तथा प्रिन्टर र मासिक स्टेशनरीका सामानहरू रहेका छन् । तर समितिमा यी सामाग्रीहरूको अवस्था हेर्दा समितिले यी स्रोत साधनहरूलाई उपयुक्त तरिकाले उपभोग गर्न सकेको अवस्था देखिँदैन । यसै सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको धारणा यस्तो रहेको छ :

> *हामीले जिल्ला शान्ति समितिलाई कम्प्युटर दिएका थियौँ तर समितिको लापरवाहीका कारण कम्प्युटरहरू अहिले नचल्ने अवस्थामा रहेका छन् र थन्काइएको छ । अहिलेको अवस्थामा समितिमा कम्प्युटरहरू नै नरहेको अवस्था छ । ( प्रमुख जिल्ला अधिकारी, बर्दिया)*

यस अध्ययनको क्रममा कार्यक्षेत्रमा शोधकर्ताहरू जाँदाको बखतमा फ्याक्स मेसिन संचालनमा आएको थिएन र कम्प्युटरहरू पनि दराजमा थन्काइएको अवस्थामा रहेको थियो । यस सन्दर्भमा समितिका सचिवले त्यस अवस्थाको दोषारोपण पूर्व सचिवमाथि गरेका थिए र उनको लापरबाहीको कारणले गर्दा ती प्राविधिक सामानहरू जीर्ण भएको कुरा जानकारी गराएका थिए । यस्ता प्रविधिहरूको अभावमा यस समितिका सचिव कुनै इमेल पठाउनु पर्दा वा इमेल हेर्नुपर्दा नजिकै रहेको साइबरमा जाने गरेका छन् । यस्तो अवस्था रहँदै आएपनि तत्कालीन सचिवले बिग्रिएका कम्प्युटरहरूलाई मर्मत गर्ने जमर्को र चासो देखाएका छैनन् ।

यस अध्ययनबाट हामी अनुमान गर्न सक्छौं कि शान्ति समितिलाई प्रदान गरिएका श्रोतहरूमा कमी रहेको छ तर श्रोतहरू कम भएतापनि यस समितिले भएका श्रोतहरूको पूर्णरूपमा उपभोग गर्न नसकेको अवस्था रहेको छ ।

## जिल्ला शान्ति समितिको प्रभावकारिता

बर्दिया जिल्लामा रहेको जिल्ला शान्ति समितिका धेरै चुनौतीहरू रहेका छन् जसले गर्दा यसको प्रभावकारितामा असर पार्ने गर्दछ । समितिको एक प्रमुख कार्यमध्येको द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि प्रदान गरिने राहतहरूमा रहेको भूमिकाका बारेमा एक सरकारी कर्मचारीको धारणा यस्तो रहेको छ :

> *जब द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहतको लागि सिफारिसको कुरा आउँदछ यस सन्दर्भमा समितिको कुनै पनि उचित अनुसन्धान तथा कुनै स्पष्ट निर्णयहरू रहेका छैनन् । यसको मतलब कुनै व्यक्ति जो द्वन्द्व प्रभावित नै छैनन्, त्यस्ता व्यक्तिले राहत पाएको अवस्था रहन सक्छ भने जो वास्तविक द्वन्द्व प्रभावित व्यक्ति छन् त्यस्ताले पाउन नसकेको अवस्था हुन सक्छ । द्वन्द्व प्रभावितहरूको राहतको लागि सिफारिस गर्ने क्रममा सोझै कुनै पनि अनुसन्धान नगरीकन जिल्ला प्रशासन कार्यालयमा पठाउने गरिन्छ । अहिलेसम्म हामीले मरेकाहरू, अपहरितहरूको सिफारिस प्राप्त गरेका छौं जसको प्रमाणीकरण र सूचीकरण राष्ट्रिय स्तरमा भएको छैन जसका कारण हामी उहाँहरूलाई राहत दिन असक्षम छौं । मेरो अनुभवमा जिल्ला स्थानीय शान्ति समिति अगाडि बढ्न सकेको छैन र यो समितिले खासै ठूलो प्रगति गर्न सकेको छैन । (कर्मचारी, जिल्ला प्रशासन कार्यालय)*

जिल्ला शान्ति समितिका कार्यक्षेत्रगत शर्त (बुँदा) हरूमा उल्लेख गरिएका कामहरूमा समितिका विभिन्न कार्यहरू, भूमिका र जिम्मेवारीहरू रहेता पनि यस समितिले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत प्रदान गर्ने तथा केही मात्रामा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्नेभन्दा अन्य कामहरू गर्न सकेको छैन । समितिले आफ्ना सबै जिम्मेवारी वहन गर्न सकेको छैन । समितिले आफ्ना जिम्मेवारी वहन गर्न नसक्नुको एक प्रमुख कारण भनेको यहाँ रहेका सचिवको छोटो कार्यअवधि रहेको छ । समितिका सचिवहरू कहिले पनि स्थिर समयको लागि लिने गरिंदैन र उनीहरूमाझ जहिले पनि आफ्नो जागिर गुमाउने जोखिम रहिरहन्छ । यसले गर्दा उनीहरूको कार्यशैलीमा निकै नै परिवर्तन हुने गर्दछ । यसै गरी समितिका संयोजक पनि हरेक ६ महिनामा परिवर्तन गरिनुपर्ने प्रावधान रहेको छ । यी संयोजकहरू हरेक ६ महिनामा विभिन्न राजनैतिक दलहरूबाट परिवर्तन हुने गर्दछन् । संयोजकमा हुने परिवर्तनबाट सचिवमा समेत परिवर्तन हुने गरेको यस अध्ययनले देखाएको छ । तर बर्दिया जिल्लामा हेर्दा संयोजक परिवर्तन नभएतापनि सचिवहरूमा भने परिवर्तन देखिएको छ । तत्कालीन सचिवले पनि यस विषयलाई उद्धृत गर्दै सचिवहरूको अस्थायी नियुक्तिका कारणले गर्दा उनीहरूको कार्यक्षमतामा ह्रास आएको र कार्यक्रमहरू कम प्रभावकारी हुने गुनासो राखेका छन् ।

शान्ति समितिको इतिहासमा हेर्ने हो भने यहाँ काम गर्ने सचिव तथा कर्मचारीको कार्यप्रतिको प्रभावकारितामा आफन्तवाद तथा नातावादका कारणले पनि असर पारेको देख्न सकिन्छ । यसभन्दा अगाडिका सचिवहरू सत्तामा रहेका राजनैतिक पार्टीका नियुक्तिमा भएको देखिन्छ र नियुक्ति गर्दा कुनै पनि क्षमता र योग्यताको आधारमा गरिएको देखिँदैन । तर यस अध्ययनका दौरानमा भने यो प्रक्रियाचाहिँ रोकिएको छ र तत्कालीन सचिव भने खुल्ला प्रतिस्पर्धाद्वारा नियुक्त भएका छन् । अहिलेको समयमा राजनैतिक हस्तक्षेपद्वारा हुने कर्मचारी नियुक्तिको प्रक्रियामा केही कमी आएको छ ।

यस अध्ययनका दौरानमा अन्तर्वार्ता लिइएका केही मुख्य व्यक्तिले समितिले आफ्नो भूमिका तथा जिम्मेवारीहरूको प्रस्टरूपमा पूरा गर्नु पर्ने र एउटा भविष्यको दृष्टि तथा लक्ष्य विकास गर्नुपर्ने अवधारणा व्यक्त गरेका छन् । यसै क्रममा प्रमुख जिल्ला अधिकारीको सुझावअनुसार समितिका सचिव तथा कर्मचारीलाई स्थायी बनाउनुपर्ने जसले गर्दा उनीहरूको कामप्रतिको धारणा तथा मनोवृत्तिमा परिवर्तन आउने तर्क राखेका छन् । यसै सन्दर्भमा उनको भनाइ यस्तो रहेको छ :

*द्वन्द्व प्रभावित व्यक्तिहरूलाई प्रभावकारी सेवा प्रदान गर्न जिल्ला शान्ति समितिलाई धेरै बलियो बनाउनुपर्छ। समितिमा रहेका सचिव नियुक्तिमा हुने अस्थायी प्रकरणलाई स्थायी बनाउनुपर्छ। यस समितिका कार्यक्रमहरूलाई अनुगमन गर्नका लागि कुनै पनि कार्यक्रमहरू नरहेका हुनाले त्यस्ता अनुगमनका प्रयोजनहरूको विकास गर्नुपर्छ, जसका कारण द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि अझ प्रभावकारी रूपमा सेवा प्रदान गर्न सकिन्छ। ( प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय)*

नेपालका विभिन्न जिल्लाहरूमा स्थापना भएका जिल्ला शान्ति समितिहरूले गरेका कामहरूमध्ये केही उत्कृष्ट उदाहरणहरू पनि रहेका छन् जसबाट समितिको सेवा प्रयोजनमा प्रभावकारिता रहेको र शान्ति स्थापनामा योगदान रहेको देख्न सकिन्छ। उदाहरणको लागि काभ्रे जिल्ला शान्ति समितिले नियमितरूपमा रेडियो कार्यक्रम, द्वन्द्व प्रभावित व्यक्तिहरू तथा उनीहरूको परिवारजनलाई तालिम, समिति सदस्यहरूलाई सामुदायिक मध्यस्थता तालिम, द्वन्द्व प्रभावित व्यक्तिहरूका बालबालिकाहरूलाई शिक्षामा सहयोग तथा मेलमिलापका कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ (बडाल, २०१३)। तर यो सन्दर्भ बर्दिया जिल्ला शान्ति समितिमा देखिएको थिएन। यसका साथै यस समितिमा कुनै पनि किसिमका अतिरिक्त कामहरू देखिएका छैनन् जसले गर्दा समितिले गरेका जिम्मेवारीहरू प्रभावकारी रहेको दावी गर्न सकिँदैन।

### ४.२.२. गाविस स्तरीय परिणामहरू

#### गाविस स्तरीय शान्ति समितिका भूमिका, जिम्मेवारी तथा कार्यहरू

गाविस स्तरीय स्थानीय शान्ति समितिको मुख्य भूमिका भनेको जिल्ला स्तरीय शान्ति समितिलाई सबैका कामहरूको लागि सहयोग गर्ने हो। नेउलापुर गाविस शान्ति समितिका संयोजकका अनुसार समितिको मुख्य जिम्मेवारी भनेको गाउँमा रहेका द्वन्द्व प्रभावित व्यक्तिहरूको नामावली संकलन गर्ने र उनीहरू द्वन्द्व प्रभावित हुन् कि हैनन् भन्ने कुराको छानविन गर्ने तथा पुष्टीकरण गरी राहत प्रदान गर्नका लागि जिल्ला शान्ति समितिलाई सिफारिस गर्ने रहेको छ। यसका साथै गाविसका शान्ति समिति गाविसभरि रहेका द्वन्द्व प्रभावित व्यक्तिहरूको राहतको लागि काम गर्दै आएका सबै सरोकारवालाहरूसँग समन्वय गरी सहज तरिकाले राहत प्रदान गर्न जिम्मेवार रहेको छ। यसलाई व्यापक रूपमा हेर्ने हो भने समितिको मुख्य जिम्मेवारी भनेको गाउँमा शान्ति कायम गर्नु हो र गाउँमा हुने झैझगडा नियन्त्रण गर्नुका साथै मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नु हो। जिल्लामा र गाविस दुवै ठाउँमा समितिको जिम्मेवारी उस्तै उस्तै रहेको छ तर यसको क्षेत्र र दायरा फरक रहेको छ।

यस अध्ययनमा रहेका दुवै गाविस स्तरीय शान्ति समितिले आफ्ना जिम्मेवारी तथा भूमिका निर्वाह गर्न सकेका छन् र द्वन्द्व प्रभावित व्यक्तिहरूले पनि सन्तोषजनक सेवा प्राप्त गरिरहेका छन्। यी दुवै गाविस शान्ति समिति द्वन्द्व मध्यस्थतामा संलग्न रहेका छन् र विभिन्न द्वन्द्वरत पक्षहरूलाई एकसाथमा ल्याई उनीहरूको झगडा टुंग्याउन मद्दत गर्ने र पहिलेका कुराहरू बिर्सिन लगाउने तथा नयाँ शुरुवात गर्न लगाउने गर्दछन्। यस्ता किसिमका गाविस शान्ति समितिका गतिविधिहरूका महिला र पुरुष दुवै उत्तरदाताहरूले प्रशंसा गरेका थिए र यसबाट हेर्दा गाविस समितिको काम जिल्लाको भन्दा राम्रो देखिन्छ।

यसै क्रममा नेउलापुर गाविस शान्ति समितिका संयोजकले राहतको लागि सिफारिसको प्रक्रिया बारे यसरी वर्णन गरेका छन् :

*जब केही व्यक्ति जो द्वन्द्व प्रभावित हुन् उनीहरूले आफ्नो लागि सिफारिसको पत्र लेखिदिन आग्रह गर्दछन् तब म उनीहरूको बारेमा मेरो आफ्नो तरिकाबाट अनुसन्धान गर्छु र उनीहरू वास्तविक द्वन्द्व प्रभावित हुन् कि*

*हैनन् त्यो पुष्टि गर्छु । यदि उनीहरू वास्तविक द्वन्द्व प्रभावित हुन् भने म उनीहरूको सिफारिस पत्र लेखिदिन्छु । उनीहरू द्वन्द्व प्रभावित सावित नभए म सिफारिस पत्र लेख्दिन । (संयोजक, नेउलापुर गाविस)*

गाविस शान्ति समिति द्वन्द्व प्रभावित व्यक्तिहरूको लागि राहत तथा अन्य सेवा-सुविधा लिने क्रममा पहिलो बिन्दुको रूपमा रहेको छ । द्वन्द्व प्रभावित व्यक्तिहरूले राहतको लागि सबैभन्दा पहिले गाविस शान्ति समितिमा निवेदन दिनु र प्राय जसो गाउँघरमा मानिसहरू सबैसँग चिनजान हुने कारण गर्दा यहाँबाट वास्तविक द्वन्द्व प्रभावित हुन् कि होइनन् भन्ने कुराको पुष्ट्याइँ गरिन्छ । यसै गरी गाविस समितिले द्वन्द्व प्रभावित व्यक्तिहरूसँग राहत तथा अन्य सेवा सुविधाहरूको बारेमा जानकारी प्रदान गर्न अन्तर्क्रिया कार्यक्रमहरू संचालन गर्ने गर्दछ । यस्ता किसिमका अन्तर्क्रिया कार्यक्रमहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूको लागि एउटा मञ्च प्रदान गर्दछ जहाँ उनीहरूले आफ्ना समस्याहरू, भावनाहरू, चिन्ताहरू, कठिनाइहरू एक अर्कासँग तथा समितिका पदाधिकारीहरू र राजनैतिक दलका पदाधिकारीहरूसँग गुनासो राख्ने अवसर पाउँछन् । यस्ता अर्न्तक्रिया कार्यक्रमहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूका गुनासाहरू राजनैतिक दलका प्रतिनिधिहरू मार्फत लिइने सम्भावना रहेको छ तर यसमा कुनै पनि किसिमका देखिने परिणामहरू भने भेटिएको अवस्था छैन ।

अध्ययनका सिलसिलामा दुवै समितिले राहत वितरणमा सहयोगभन्दा बाहिरका धेरै कामहरू गरेका छन् । नेउलापुर गाविसमा समितिको अगुवाइमा सानो सडक निर्माण गरिएको छ र यो सडक बनाउँदा गाउँलेहरूको श्रमदान गरिएको थियो । तर यस्ता किसिमका समितिका गतिविधिहरूका कारण समितिको कामलाई उपलब्धि मान्न सकिने वा नसकिने भन्ने विषय अझै प्रस्ट छैन तर पनि यी समितिहरूले गरेका सामुदायिक कामहरूको प्रशंसा गर्नुपर्छ ।

यस अध्ययनका दुवै शान्ति समितिले द्वन्द्व समाधान तथा मध्यस्थताका कामहरू गरेका छन् । प्रायजसो समितिमा श्रीमान् श्रीमतीबीचको झगडा, विवाहभन्दा अतिरिक्त सम्बन्ध, छर छिमेकीबीचको झैझगडा, खेतीपाती तथा सिँचाइमा हुने गरेको झैझगडाजस्ता समस्याहरू आउने गरेका छन् । यस अध्ययनमा रहेको भिमापुर गाविस शान्ति समितिमा बड घर भन्ने परम्परागत द्वन्द्व समाधान गर्ने संस्था रहेको छ । यस संस्थाले गाउँमा रहेका हरेक किसिमका झैझगडा तथा द्वन्द्वका मुद्दाहरू हेर्ने गरेको छ । यस्ता किसिमका प्रक्रियाहरूले मानिसलाई औपचारिक कानुनी प्रक्रियामा जानुपर्ने समस्याबाट बञ्चित गर्दछ । यस्ता किसिमका अनौपचारिक द्वन्द्व समाधानका प्रक्रियाहरू अझ बढी प्रभावकारी तथा समाजमा द्वन्द्वरत पक्षहरूबीच राम्रो सम्बन्ध विकास गर्न सफल देखिएका छन् । यससम्बन्धी नेउलापुर समितिका संयोजकको धारणा यस्तो रहेको छ :

*मेरो कुनै पनि समस्या तथा झैझगडा समाधान गर्ने छुट्टै प्रक्रिया रहेको छ । मैले यस्ता समस्याको समाधान गर्न कुनै पनि कानुनी प्रक्रिया अपनाउने गर्दिन । म यस्ता समस्याहरूको समाधान आदि घण्टामा नै गरिदिन्छु । यदि झगडा गर्नेहरू मेरो कुरा सुन्न चाहँदैनन् र मलाई वास्ता नगरेको जस्तो लागेमा म उनीहरूलाई सिधै पुलिसकोमा जान सुझाव दिन्छु र उनीहरूले आफ्नो समस्याको समाधान आफै गर्ने गर्दछन् । तर यदि उनीहरू पुलिस थानामा गएर आफ्नो समस्या सुल्झाउन चाहन्नन् र यहीं नै समस्याको समाधान गर्छु भनी आउँछन् भने म उनीहरूलाई एक अर्का सामुन्ने राखी आफ्नो गल्ती स्वीकार्न लगाउँछु र के कुरामा असन्तुष्ट छन् त्यो प्रस्ट पार्न लगाउँछु । गल्ती जसको हो उसलाई सजाय दिन लगाउँछु; जस्तै कान समात्न लगाउँछु , उठबस गर्न लगाउँछु, माफी माग्न लगाउँछु र मेलमिलाप गर्न लगाउँछु । (संयोजक, गाविस शान्ति समिति नेउलापुर)*

यस्ता किसिमका समितिका क्रियाकलापहरूले समुदायमा राम्रै योगदान पुर्‍याइरहेका तथ्यहरू पेश गर्दछन् भने उनीहरूलाई प्रदान गरिएको श्रोतसँग दाँजेर हेर्ने हो भने यी कामहरू निकै नै प्रशंसनीय रहेका छन् । मानिसहरू पुलिस प्रशासन तथा कानुनी रूपमा समस्या समाधान गर्ने निकाय भएतापनि आफ्नो समस्याको समाधान खोज्न गाविस शान्ति समितिमा नै जाने गरेका छन् । यी समस्या समाधानलाई अझ बढी प्रभावकारी बनाउनको लागि गाविस समितिमा थप श्रोतहरूको परिचालन, आर्थिक श्रोतमा बृद्धि तथा विभिन्न तालिमहरूको संचालन गर्न सकिन्छ जसले गर्दा समितिको

योगदान समुदायमा अझ बढी हुनसक्छ र यसको प्रभाकारितामा बृद्धि हुनसक्छ । यो अध्ययन क्षेत्रमामात्र नभईकन देशभरि नै गर्न सकिने सम्भावना रहेको छ ।

### गाविस समितिका श्रोतहरू

गाविस शान्ति समितिहरू जिल्ला स्तरीय शान्ति समितिप्रति उत्तरदायी हुन्छन् जहाँ यी गाविस स्तरीय शान्ति समितिको स्थापना गर्ने अधिकार निहित रहेको हुन्छ । तर यी गाविस शान्ति समितिहरूलाई भने आर्थिक रूपमा जिल्ला विकास समितिद्वारा सहयोग प्राप्त रहेको छ र गाउँ विकास समितिको भवनमा नै शान्ति समिति संचालन गरिन्छ । गाउँ विकास समितिका सचिवले नै शान्ति समितिको पनि कामहरू गर्ने गर्दछन् । उनको मुख्य जिम्मेवारी भनेको समितिको संचालन, माइनुट लेख्ने, कागजी कामहरू गर्ने तथा द्वन्द्व प्रभावितहरूको राहतको लागि सिफारिस गर्ने रहेको छ । जिल्लामा जस्तै गाविस स्तरमा, कुनै पनि कर्मचारीको नियुक्ति गरिएको छैन र गाविस सचिवले नै समिति तथा गाविस दुवैको सबै जिम्मेवारी वहन गर्ने गर्दछन् । यस समितिमा संयोजकको पद अवधि ६ महिनाको लागि सीमित रहँदैन र राजनैतिक दलका पदाधिकारीहरू फेरिनुपर्ने पनि कुनै प्रावधान रहेको छैन । दिँया जिल्लाका (अध्ययनमा रहेका) दुवै गाविस शान्ति समितिमा स्थापनाकालदेखि अहिलेसम्म संयोजक परिवर्तन भएका छैनन् तर संयोजकहरूले आफूले अरू कुनै मानिसलाई पद हस्तान्तरण गर्न चाहे पनि जिम्मेवारी लिन सक्ने सक्षम व्यक्ति अगाडि नसरेका कारणले उनीहरूले अहिलेसम्म पदवहाली गरिरहेको खुल्न आएको छ ।

शान्ति समितिले गाउँ विकास समितिको कार्यालयका उपकरणहरू प्रयोग गर्दै आइरहेको छ । शान्ति समितिलाई प्रदान गरिने बजेटबाट पनि कार्यालयका केही उपकरणहरू किन्ने गरिएको छ । शान्ति समितिलाई वार्षिकरूपमा करिब २२००० रुपैंया जिल्ला विकास समितिले सबै कार्यप्रयोजनको लागि प्रदान गर्दछ । यसमध्ये आदि रकम समितिको प्रशासनिक खर्चमा जान्छ भने आदि रकम द्वन्द्व प्रभावित व्यक्तिहरूको लागि कार्यक्रम संचालन गर्नमा खर्च गरिन्छ । यस रकममा समितिको बैठक हुँदा समितिका सदस्यहरूलाई दिइने भत्ता पनि सामेल रहेको छ । बजेटको अभावमा समितिका कामहरू निकै नै खुम्चिएका छन् । उदाहरणका लागि भिमापुर गाविसमा त्यहाँका संयोजकले द्वन्द्व प्रभावित व्यक्तिहरूसँग अन्तर्क्रिया कार्यक्रम गर्दा एउटा सिङ्गै खसी काटी मासु भात खुवाएर बजेट सकाएका थिए । यसरी एउटै कार्यक्रममा सबै पैसा सकाउने प्रवृत्तिले समितिको योजनाबद्ध तरिकाले काम गर्ने शैली नरहेको कुरा प्रस्ट पार्दछ र प्रभावकारीरूपमा समितिले काम गर्ने हो भने बजेट रकममा बृद्धि गरिनुपर्ने देखिएको छ ।

कुनै कुनै समयमा गाउँ विकास समितिहरूमा कार्यक्रम संचालनका लागि केही बाह्य सहयोगहरू पनि प्राप्त हुने गरेको पाइन्छ । भिमापुर गाविसमा एउटा रेडियोले मानिसहरूमा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने राहत तथा उनीहरूको पुनर्स्थापना सम्बन्धी जनचेतनाका कार्यक्रमहरू चलाउँदै आएको छ । समितिको स्थानीय रेडियो स्टेसनसँगको समन्वयमा ती कार्यक्रमहरू संचालन हुँदै आएको छ । यदि गाविसका शान्ति समितिहरूले पनि यस्तै किसिमका अन्य कामहरू गाउँमा सक्रियरूपमा संचालन गर्ने हो भने समितिहरूलाई अझै बढी बजेट प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ ।

समितिहरू आर्थिक रूपमा कमजोर भएतापनि यस अध्ययनले देखाएअनुसार यी समितिहरू आफ्नो जनादेश भन्दा पनि बाहिरका काम गर्न सफल रहेका छन् । यी समितिहरूले गरेका कामहरूको विश्लेषण गर्दा समितिहरूले अन्य सरोकारवालाहरूसँगको समन्वयमा आफ्नो स्वेच्छाले समुदायको विकासका कामहरू संचालन गर्दै आइरहेका छन् । यी समितिहरूले विना कुनै मूल्य लिई द्वन्द्व व्यवस्थापन तथा मध्यस्थता, स्थानीय रेडियोको सहयोगमा जनचेतनामूलक रेडियो कार्यक्रमहरू संचालन गर्दै आइरहेका छन् । यी समितिहरूले गर्ने काममा आर्थिक श्रोतको आवश्यकता, द्वन्द्व प्रभावित व्यक्तिहरूसँगको अर्न्तक्रिया कार्यक्रम तथा जनचेतनामूलक कार्यक्रमहरूमा मात्र रहेको छ । यसै सन्दर्भमा यी समितिहरूलाई आर्थिकरूपमा अझै बढी सुदृढ बनाउने हो भने यी समितिहरूको कार्यक्षमता तथा परिणाम अझ राम्रो हुन सक्ने सम्भावना रहेको छ ।

## गाविस स्तरीय शान्ति समितिको प्रभावकारिता

गाविस स्तरीय शान्ति समितिको स्थापना पश्चात यस अध्ययनमा रहेका दुवै गाउँहरूमा धेरै नै परिवर्तनहरू देखिएका छन् । यसै सन्दर्भमा समितिका संयोजकले पहिलेको अवस्थामा मानिसहरूमा द्वन्द्वको परिस्थितिबाट धेरै त्रास रहेको बताउँछन् र त्यस बेलाका घटनाहरूबाट मानिसहरूमा अझै पनि बदलाको भावना रहेको कुराह बताउँछन् । तर शान्ति समितिको स्थापनापश्चात गाउँका मानिसहरूमा भएका त्यस्ता किसिमका बदलाका भावनाहरू विस्तारै हराउँदै गएका र मानिसहरूमाझ एकआपसमा मेलमिलाप बढेका कुराहरू व्यक्त गरेका छन् । यस्ता मेलमिलापका कुराहरूमा शान्ति समितिको ठूलो योगदान रहेको विचार मानिसहरूमा थियो । समितिको अगुवाइमा तथा स्थानीय प्रशासनसँगको समन्वयमा गाउँमा रहेका राजनैतिक दलहरूका प्रतिनिधिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूसँग छलफल कार्यक्रम संचालन गरेका छन् र उनीहरूमा भएका झैंझडाडाहरूको व्यवस्थापन तथा मध्यस्थतामा उनीहरूमाझ समझदारीको भावना जगाउने कामहरू गरेका छन् । यस्ता कार्यहरूले समितिको समुदायका मानिसहरूसँग राम्रो सम्बन्ध स्थापना गर्न सक्ने क्षमता रहेको कुरा देखाउँदछ ।

यति हुँदा पनि मानिसहरूमा आफूले चाहेका सबै कुरा पूरा भएको तथा समितिले सबै कुरा गरिदिएको भन्ने प्रभाव पाइँदैन । यसै सन्दर्भमा भिमापुरमा रहेका एक शिक्षकको धारणा यस्तो थियो :

> *मेरो विचारमा शान्ति समिति आफ्नो उद्देश्य पूरा गर्न सफल रहेको छ । राज्यले द्वन्द्व प्रभावित व्यक्तिहरूको पूर्णरूपमा जिम्मेवारी वहन गर्नुपर्छ र उनीहरूका लागि जागिरको व्यवस्था तथा अन्य अवसरहरू प्रदान गर्न सक्नुपर्दछ । यी व्यक्तिहरूलाई राज्यले कुनै धितो विना नै ऋणको व्यवस्था गरिनुपर्दछ जसले उनीहरूलाई आफ्नो जीवनको गुजारा गर्ने आधार मिल्छ । यी अवसरहरू राहतको विकल्पमा नभईकन राहत तथा अवसरहरू साथसाथै प्रदान गरिनुपर्दछ जसबाट उनीहरूको जीवन सहज हुन पुग्छ । (स्थानीय शिक्षक, भिमापुर)*

यी शिक्षकको भनाइले के सुझाव पेश गर्छ भने समितिमा सुधारको लागि ठाउँ धेरै नै रहेको छ र समितिले नै यसमा उत्प्रेरकको भूमिका निर्वाह गरी द्वन्द्व प्रभावित व्यक्तिहरूको आर्थिक अवस्था सुदृढ गर्न सक्छ जसले समाजमा दिगो शान्ति स्थापना गर्न पनि मद्दत गर्दछ । समग्रमा भन्दा गाविस स्तरीय शान्ति समितिले स्थानीय स्तरमा आफ्ना कार्यहरूमा राम्रो दक्षता देखाउन सफल भएका छन् तर पनि यहाँ राज्यको सहयोगको निकै आवश्यकता रहेको छ जसबाट द्वन्द्व प्रभावित व्यक्तिहरूको जीवनस्तरमा परिवर्तन ल्याउन सकिन्छ ।

## ५. राष्ट्रिय स्तरमा छलफल र प्रभाव

यस खण्डमा स्थानीय शान्ति समितिको स्थापनाको सान्दर्भिकता तथा यिनका कार्य–सम्पादनका बारेमा छलफल गरिएको छ । यस खण्डमा राष्ट्रिय तथा स्थानीय स्तरमा समितिको कस्तो सान्दर्भिकता र प्रभाव रहेको छ भन्ने कुरा पनि हेरिएको छ । विशेष गरी विश्लेषणात्मक खाकाको आधारमा रही समितिले लैङ्गिक भेदभाव तथा अन्य सामाजिक भिन्नताका कारण सेवामा भेदभाव गरे वा नगरेको भन्ने विषयमा पनि यस अध्ययनमा विश्लेषण गरिएको छ ।

### ५.१. नेपालमा स्थानीय शान्ति समितिको शान्ति पुनर्स्थापना तथा राज्य–निर्माणमा सान्दर्भिकता

नेपालमा स्थानीय शान्ति समितिको स्थापना द्वन्द्व प्रभावित तथा द्वन्द्वबाट विस्थापित व्यक्तिहरूलाई राहत प्रदान गर्नु, द्वन्द्व कालमा उनीहरूबाट खोसिएका र जफत गरिएका सम्पत्ति फिर्ता गर्नु, उनीहरूको पुनर्वास तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउनु, भत्किएका पूर्वाधारहरूको पुनर्संरचना गर्नु, शान्तिमय वातावरणमा पुनर्स्थापित गराउनु र स्थानीय स्तरमा शान्तिमय वातावरणको सिर्जना गर्नु रहेका छन् ( दाहाल र भट्ट २००८) । स्थानीय शान्ति समितिले सरकार तथा राजनैतिक दलहरूबीच भएको शान्ति सम्झौता र त्यसमा उल्लेखित विषयहरू द्वन्द्व प्रभावित तथा सामान्य व्यक्तिहरूलाई जानकारी गराउनुपर्ने जिम्मेवारी रहेको छ (दाहाल र भट्ट २००८) ।

यस अध्ययनले देखाएअनुसार जिल्ला स्तरीय शान्ति समितिले सोचे बमोजिम आफ्नो कार्य–सम्पादन पूर्णरूपमा गर्न सकेको छैन । यहाँका समितिहरूले द्वन्द्व प्रभावितहरूको लागि केवल राहत प्रदानमा सेवा दिँदै आएका छन् तर कार्यक्षेत्रगत शर्त (बुँदा) हरू अनुसार हेर्दा यी समितिहरूको जिम्मेवारीको आधा पनि हुन जाँदैन । यस परिणामलाई कार्टर सेन्टरले सन् २०११ मा गरेको अध्ययनको परिणामले पनि समर्थन गर्दछ जसका अनुसार प्रायजसो नेपालभरिका स्थानीय शान्ति समितिले केवल द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत प्रदानमा मद्दत गर्न तथा उनीहरूको प्रमाणीकरण गर्ने काम मात्र गर्दै आइरहेका छन् । कुनै कुनै समितिले त द्वन्द्व व्यवस्थापनमा मात्र काम गर्दै आएको अध्ययनले देखाएको छ ।

अघिल्ला अध्ययनहरूको निष्कर्षअनुसार स्थानीय शान्ति समितिहरू देशभरि नै द्वन्द्व प्रभावित व्यक्तिहरूको सेवाको लागि स्थापना गरिएतापनि यी समितिहरू कार्यात्मक रहेका छैनन् र जबसम्म कुनै प्रकारको ठोस राजनैतिक प्रतिबद्धता हुँदैन तबसम्म यी स्थानीय समितिहरूले राम्ररी आफ्नो कार्य गर्न सक्दैनन् । यी समितिले अर्थपूर्ण नतिजा ल्याउन नसक्ने र आफ्नो उद्देश्य हासिल गर्न नसक्ने निचोड अघिल्ला अध्ययनहरूले प्रस्तुत गरेका छन् (दाहाल र भट्ट, २००८) । नेपालका स्थानीय समितिहरू सबै शान्ति सचिवालय अन्तर्गत संचालन हुँदै आइरहेका छन् जुन शान्ति तथा पुनर्स्थापना मन्त्रालय अन्तर्गत स्थापित छ र यो राजनैतिक दलहरूद्वारा एकाधिकार रूपमा स्थापित रहेको छ (दाहाल र भट्ट, २००८) । यसै गरी कार्टर सेन्टर (२०११) ले पनि स्थानीय शान्ति समितिलाई हरेक जिल्लामा राजनैतिक दलको समिति भन्ने गरिएको देखाएको छ । यसैगरी उप्रेती (२०१४) को तर्कअनुसार स्थानीय शान्ति समिति कमजोर हुनुका कारणहरूमा यसमा राजनीति हावी हुनु र आर्थिक र अन्य श्रोतहरूको अभाव रहेको देखिन्छ । यिनैका कारण समितिले राम्रो गर्न सकेको छैन जुन परिणामलाई मलिक (२०१३) को अध्ययनले पनि देखाएको छ । यस अलावा भट्टराई (२०१३) ले पनि नेपालको शान्ति स्थापना प्रक्रियालाई खण्डन गर्दै यसले राजनैतिक दलका स्वार्थका कारणले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई लाभ दिन नसकेको तर्क गरेका छन् । सोही अध्ययनअनुसार राजनैतिक दलका प्रतिनिधिहरू कार्यक्षेत्रगत शर्त (बुँदा) हरूभन्दा धेरै भएको कारणले समितिको समावेशितामा प्रश्न उठाएको पाइएको छ । स्थानीय शान्ति समितिको सफलता तब मात्र मापन गर्न सकिन्छ जब यसले पिछडिएका तथा सीमान्तीकृत व्यक्तिहरूले यसका कार्यक्रमहरूलाई पूर्णरूपमा स्वीकार गर्छन् र यही नै एकमात्र उपाय हो जसबाट देशको उद्देश्यअनुसार समावेशितापूर्वक शान्ति स्थापना हासिल गर्न सकिन्छ ।

नेपालको द्वन्द्व रुपान्तरणको प्रक्रियामा सबैभन्दा ठूलो बाधाका रूपमा राजनैतिक प्रक्रियालाई लिने गरिन्छ । यस्तैमा नेपालको शान्ति सम्झौता पनि केही चुनिएका राजनैतिक दलका पदाधिकारीहरूबाट मात्रै गरिएको प्रक्रिया हो जसले सबै राजनैतिक दलका प्रतिनिधिहरूलाई समेट्न सकेका छैनन् (उप्रेती, २०१२) । यसैका कारणले गर्दा स्थानीय शान्ति समिति पनि एउटा पीडित पक्ष बन्न पुगेको छ जुन सरकार तथा सत्ता परिवर्तनले स्पष्टरूपमा देखाउने गर्दछ; जहाँ सरकार तथा सत्ता परिवर्तन सँगै शान्ति समितिका पदाधिकारीमा समेत परिवर्तन गरिन्छ (कार्टर सेन्टर, २००९) ।

वर्तमान समयमा स्थानीय शान्ति समितिको कार्यक्षमता बृद्धिका तालिमहरू केवल केन्द्रीयस्तर जस्तै राजधानी, क्षेत्रीय स्तर, जिल्ला सदरमुकाममा मात्रै सीमित भई स्थानीय स्तरमा नजाँदा विभिन्न प्रकारका आलोचनाहरू हुँदै आएका छन् । यस अध्ययनले पनि थोरै मात्रामा मात्रै कार्यक्षमता विकासका तालिमहरू जिल्ला स्तरीय शान्ति समितिमा दिइएको देखाएको छ भने गाविस स्तरमा कुनै पनि तालिम दिइएको छैन । स्थानीय स्तरका मानिसहरूलाई धेरै तालिमको आवश्यकता रहेको छ र उनीहरूको कार्यदक्षतामा बृद्धि गराउनुपर्छ तर तिनीहरूले कुनै अवसर नै पाएका छैनन् । समितिमा आउने शान्ति स्थापनाको आर्थिक सहयोग यहाँका पदाधिकारीहरूको तालिम, भत्ता, वकालत, कार्यदक्षता बृद्धिमा खर्चिएका छन् भने जहाँ लक्षित गरी आएका हुन् ती लक्षित वर्गसम्म यसको पहुँच हुन सकेको छैन । यसका साथै शान्ति समितिहरूका शान्ति स्थापनाका लामो वा मध्यम अवधिका कुनै पनि योजनाहरू नभएका कारणले गर्दा यी समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूको सामाजिक तथा आर्थिक अवस्था उकास्ने कुनै पनि योगदान दिन सकेका

छैनन् जुन एउटा चिन्ताको विषय रहेको छ। परियोजनाहरू पनि दोहोरिने र उस्तैउस्तै प्रकृतिका हुने हुनाले यी समितिले कुनै पनि किसिमको मापन गर्न सक्ने नतिजा देखाउन सकेको छैनन् (भट्टराई, २०१३)।

शान्ति समितिहरूका कार्यहरूका विषयमा स्थानीय स्तरमा राम्रा नतिजाहरू पनि छन् जहाँ गाविस स्तरीय शान्ति समितिहरूले गाउँका उत्प्रेरकका रूपमा काम गर्दै आइरहेका छन्। ओडेन्डाल (२०१०) को अध्ययनमा उद्धृत गरिएको चितवन जिल्लाका संयोजकको स्थानीय शान्ति समितिले गरेका कामप्रतिको धारणा यस्तो रहेको छ : "हामी अहिले राज्यविहीन अवस्थामा छौं। पुलिस तथा प्रशासनले कुनै पनि द्वन्द्वका मामिलाहरूलाई हेर्न सक्ने स्थिति छैन। त्यसैले मानिसहरू हामीलाई जस्तो सुकै समस्या पर्दा पनि बोलाउने गर्छन्।" यस किसिमको अवधारणाले के सन्देश दिन्छ भने स्थानीय शान्ति समितिहरूको स्थापना तथा उपस्थिति सान्दर्भिक नै रहेको छ तर नेपालमा यसका धेरै चुनौतीहरू पनि रहेका छन् जसमध्ये सरकारको पूर्णरूपमा असमर्थन मुख्य बाधा रहेको छ। यस्ता समस्याका बाबजुद पनि स्थानीय शान्ति समितिहरूले द्वन्द्वका विभिन्न समस्याहरू समाधान गरेका उदाहरण पनि छन्।

तिनै उदाहरणहरूमध्ये हामी मानिसहरूको मन जित्न सफल स्थानीय शान्ति समितिको उदाहरण पनि लिन सक्छौं। कार्टर सेन्टरको सन् २०११ को अध्ययनले देखाएअनुसार भक्तपुर र सुर्खेत जिल्लाका शान्ति समिति उत्कृष्ट रहेका छन्। यी समितिले प्रभावकारी रूपमा द्वन्द्व व्यवस्थापन गर्दै नियमित रूपमा गोष्ठी पनि संचालन गर्दै आइरहेका छन्। यी समिति प्रमुख जिल्ला अधिकारी तथा अन्य सरोकारवालाहरूसँग राम्रो सम्बन्ध कायम गर्न सफल रहेका छन्। यसका साथै समितिहरूले विभिन्न द्वन्द्वका मामिलाहरूको समाधान गर्ने, शान्ति पुनर्स्थापनामा सहयोग गर्ने र द्वन्द्व प्रभावित व्यक्तिहरूसँग सम्बन्धित किताब प्रकाशन गर्ने कामसमेत गरेका छन्। यसैगरी ग्रस र राजभण्डारीले (२००९) मा गरेका अध्ययनले पनि केही समितिहरूले प्रभावकारी रूपमा काम गर्दै आएको देखाएको छ जसमा रोल्पा जिल्लाका स्थानीय समितिको उदाहरण दिइएको छ जसले सबै राजनैतिक दलका पदाधिकारीहरू तथा नागरिक समाज, पिछडिएका तथा सीमान्तीकृत वर्गहरूसँग मिली शान्ति पुनर्स्थापनाको काम गर्दै आइरहेका छन्।

### ५.२. अध्ययन क्षेत्रमा स्थानीय शान्ति समितिको सान्दर्भिकता र विश्लेषणात्मक खाकासँगको सम्बन्ध

माथि उल्लेखित परिणामहरूका आधारमा यो खण्डमा स्थानीय शान्ति समितिहरूको क्षमताको बारेमा छलफल गरिएको छ। यस अध्ययनका नतिजाले देखाएअनुसार स्थानीय शान्ति समितिको आत्म-संगठित स्वरूप र कार्य गर्न सक्ने क्षमता धेरै कम रहेको छ। जिल्लास्तरीय शान्ति समितिको संरचना पनि समावेशी रहेको थिएन भने अर्को पक्षमा गाविसस्तरीय समितिले गोष्ठीहरूमा सदस्यहरूको सक्रिय सहभागितालाई कायम राख्न सकेका थिएनन्। जिल्ला समितिमा स्थिति झनै नाजुक थियो जहाँ राजनीतीकरण र कर्मचारीहरूको नियुक्तिमा समेत राजनैतिक हस्तक्षेप प्रस्ट रूपमा देखिन्थ्यो। यो नतिजालाई भट्टराई (२०१३) को नतिजाले पनि समर्थन गर्न मद्दत गर्दछ जसले राजनीतीकरणका कारणले गर्दा समितिका कार्यमा नकारात्मक असरहरू पुऱ्याइरहेको तथ्य प्रस्तुत गरेको छ। यसलगायत पिएससिडी र शान्ति तथा पुनर्स्थापना मन्त्रालयको सन् (२०१३) को अध्ययनमा बर्दिया जिल्लाका समितिहरूमा राजनीतीकरण धेरै भएको र कुनै पनि फैसला गर्दा राजनैतिक हस्तक्षेप बढी हुने सम्भावना रहेको देखाएको छ।

लैङ्गिक र सामाजिक विविधता हिसाबमा हेर्दा समितिमा रहेका महिला सदस्यहरू समितिका कुनै पनि निर्णयहरू लिन पुरुषहरूको तुलनामा असक्षम रहेको देखिएको छ। महिलाहरूले गोष्ठीमा आफ्नो भनाइ राख्न सक्छन् र उनीहरूका भनाइहरू उठ्ने गरेतापनि लागू चाहिँ हुने गरेको देखिएको छैन। यसमध्ये कार्यक्षेत्रगत शर्त (बुँदा) हरूमा उल्लेख गरिए अनुसार महिलाहरूको प्रतिनिधित्व भनिएको जस्तो नहुनु पनि महिलाहरूको असक्षमताको एउटा पाटो हो। यसलगायत करिब ३३ प्रतिशत निर्णय गर्ने हकअधिकार हुँदाहुँदै पनि निर्णयका क्रममा पनि महिलाहरू पुरुषको बरोबर हुन सकेको देखिँदैन। समितिले केही निर्णयहरू विशेष गरी महिलाहरूलाई समर्थन गरी लैङ्गिक दृष्टिले विशेष गतिविधिहरू गरेतापनि यसले प्रखररूपमा सीमान्तीकृत तथा पिछडिएका वर्गहरूलाई समर्थन गरेको भन्न सकिँदैन। यसै

सन्दर्भमा यसलाई अर्को उदाहरणले पनि प्रस्ट पार्न मद्दत गर्दछ जहाँ अहिलेसम्मको अवधिमा कोही पनि महिला सदस्य संयोजक बन्न सकेको अवस्था रहेको छैन जबकि महिला सदस्यहरूलाई संयोजक बनाउन पहिलेदेखि नै धेरै प्रयत्न गरिएको थियो । यो तथ्य बर्दिया जिल्ला समितिको सन् २०१२ को हो जब समितिका सदस्यहरूले महिला सदस्यलाई संयोजकको पद हस्तान्तरण गर्न राजी भएका थिए तर अहिलेसम्म कुनै पनि महिला सदस्यलाई संयोजक बनाइएको छैन (एनएफडिआइएन, २०१२) ।

गाविस समितिको स्तरमा कुरा गर्दा समितिमा लैङ्गिक तथा अन्य विविधता पाइएको छ । यस किसिमका विविधता पाइएतापनि समितिका सदस्यहरूको निर्णय गर्ने अधिकार तथा अख्तियारी प्रायः सबै संयोजकमा मात्रै निहित रहेको छ जसले गर्दा समितिका सदस्यहरूको न्यूनतम भूमिका रहेको देख्न सकिन्छ । गाविसस्तरीय समितिहरूमा गोष्ठीहरू कमै हुने गरेका छन् र मानिसको उपस्थितिमा पनि उतारचढाव आएता पनि संयोजकहरू गोष्ठी गर्न तत्पर रहेका छन् । यसले समितिका बैठकहरूमा कुनै किसिमको लैङ्गिक र सामाजिक विभेदलाई समेट्न सकेतापनि समितिले सीमान्तीकृत वर्गको आत्मसंगठित र कार्य गर्न सक्ने क्षमतालाई बढाउँछ भन्नेचाहिँ रहँदैन ।

यस अध्ययनले देखाएअनुसार जिल्ला स्तरीय शान्ति समिति तथा गाविस स्तरीय शान्ति समितिको कुनै पनि सम्बन्ध र समन्वय रहेको छैन । जिल्ला स्तरीय शान्ति समितिको गाविस स्तरीय शान्ति स्थापनामा मुख्य भूमिका रहेतापनि यी दुई समितिले समन्वय गरी मिलेर बिरलै काम गरेका छन् । गाविस समितिले केवल द्वन्द्व प्रभावित व्यक्तिहरूको तथ्याङ्क संकलन गरी पूर्ण जानकारी सहित उनीहरूलाई राहत प्रदान गर्न जिल्लामा सिफारिस गर्ने गर्दछन् । गाविसस्तरीय समितिका सदस्यहरूलाई जिल्लास्तरीय शान्ति समितिले स्थापनाको समयमा साधारण तालिम प्रदान गरेका थिए तर त्यस समयभन्दापछि कुनै पनि तालिम तथा क्षमता बृद्धि कार्यक्रमहरू नभएको यस अध्ययनले देखाएको छ ।

गाविस समितिहरू विभिन्न किसिमका गतिविधिहरूमा सक्रिय रहेको यस अध्ययनले देखाएको छ जसमा समितिका सदस्यहरू सामेल भई गाउँ घरमा हुने झैझगडाको समाधान मध्यस्थताको कार्यक्रमबाट कुनै कानुनी झन्झट विना नै गरिदिएका छन् । यस्ता किसिमका समस्या समाधान गर्दा द्वन्द्वरत पक्षहरूमा समितिबाट कुनै पनि किसिमको भेदभाव गरिएको स्थिति देखिएको छैन र यस्तो किसिमका द्वन्द्व व्यवस्थापनका प्रक्रियाहरू द्वन्द्व प्रभावित व्यक्तिहरूलाई प्रभावकारी रूपमा प्रदान गर्दै आएको जानकारी समितिहरूले दिएका छन् । यसको श्रेय समितिका संयोजकलाई र उनीहरूको गाउँका मानिसहरूमा भएको प्रभावलाई दिने गरिएको छ जुन कुरा कार्टर सेन्टर (२०११) को अध्ययनले पनि देखाएको छ । यसले संयोजकहरूको प्रभावकारी नेतृत्वलाई पनि गाउँमा भएका प्रगतिहरूको महत्वपूर्ण पाटोको रूपमा लिइएको छ ।

नेपालमा रहेका गाविस स्तरीय शान्ति समितिहरूको कार्य–सम्पादन र देशमा रहेका शान्ति समितिहरूले गर्ने कामहरूको विविधताले बर्दिया जिल्लामा पनि शान्ति समितिले गर्न सक्ने धेरै ठाउँ रहेको कुरा प्रस्ट पार्दछ । यस समितिले पनि आफ्नो काम सक्रिय रूपमा गर्न सक्ने सम्भावना छ, जस्तै द्वन्द्व प्रभावित व्यक्तिहरूको लागि आयमूलक तालिम दिने जसले गर्दा गाउँ तथा जिल्लामा नै विकासका परिणाम दिने खालका कामहरू तथा योगदानहरू दिन सक्नेछन् । तर यस अध्ययनअनुसार शान्ति समितिको नेतृत्व क्षमता न्यून मात्रै देखिएको छ जसको एक मुख्य कारण भनेको राजनैतिक नियुक्ति र राम्रा व्यक्ति छान्न सक्ने असक्षमता हो । बर्दिया जिल्लाको कुरा गर्दा यहाँका सचिव पनि राजनैतिक नियुक्तिबाट नै सचिव भएका हुन् । यस बाहेक शान्ति समितिको अर्को पक्ष जसले गर्दा सोचे बमोजिम प्रगति गर्न नसकेको कारण भनेको यहाँ रहेका सचिव तथा पदाधिकारीको छोटो कार्य अवधि (३ देखि ६ महिना) हो जसले गर्दा उनीहरूलाई काम गर्न कुनै पनि प्रोत्साहन हुँदैन र उनीहरूको कार्यक्षमतामा बृद्धि हुँदैन । यसका कारण पनि समितिमा सहयोग सम्बन्ध स्थापना गर्न सक्ने क्षमता कम रहेको छ ।

नेपालमा रहेका सबै शान्ति समितिहरूमा श्रोतहरूको कमीले गर्दा निकै ठूलो प्रभाव परेको छ। बर्दिया जिल्ला शान्ति समितिले सन् २०१३ मा प्रमुख जिल्ला अधिकारीसँग समन्वय राम्रो नहुँदा आएको बजेट सबै फिर्ता गएको थियो र कुनै पनि किसिमको आर्थिक श्रोत प्राप्त गर्न सकेको थिएन (पिएससिडी र शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३)। अन्य जिल्लामा पनि शान्ति समितिका सदस्यहरूले सानो बजेटको प्रयोगमा समेत आफ्नो कुनै अख्तियारी नभएको र जिल्ला प्रमुखको परापर्श सहमतिविना केही पनि रकम प्रयोग गर्न नसकिने गुनासो गरेका छन्। आर्थिक अभावका कारण समितिका कार्यहरूमा तथा यसको प्रभावकारितामा ठूलो असर पर्ने गरेको छ। नेपालमा रहेका शान्ति समितिहरूका थोरै श्रोत तथा श्रोतहरूको परिचालन राम्ररी गर्न नसकेतापनि श्रोत बन्द हुँदा ठूलै प्रभाव पर्न सक्छ। यसका साथै गाविस समितिहरूमा पनि वार्षिक रूपमा २२००० रुपियाँ मात्रै प्रदान गर्दै आइरहेको छ र आर्थिक श्रोतको परिचालनले गर्दा पनि समितिहरूलाई द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राम्रो सेवा दिन कुनै पनि प्रोत्साहन रहेको छैन।

यस अध्ययनमा रहेका शान्ति समितिहरूको भविष्यको कुनै पनि लक्ष्य रहेको देखिँदैन। जिल्ला शान्ति समितिले आफ्नो भविष्यको योजना बनाउनुपर्दछ र यस्ता कार्यक्रमहरूको बजेटसहित जिल्ला प्रशासनमा पेश गरेपश्चात त्यहाँबाट बजेट निष्कासन गरिन्छ। यसभन्दा बाहेक कुनै पनि भविष्यको योजना रहेको छैन। यसका साथै गाविस शान्ति समितिमा त झनै कुनै पनि संयन्त्र नै छैन र उनीहरू विनायोजनाकै कार्यक्रम चलाउने गर्दछन्।

यस अध्ययनमा एसएलआरसीद्वारा निर्मित विश्लेषणात्मक खाकाको प्रयोग गरी बर्दिया जिल्लामा रहेका शान्ति समितिहरूको क्षमता र प्रभावकारिताको आकलन गरिएको छ। समग्रमा भन्नु पर्दा शान्ति समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई कस्तो किसिमका सेवा तथा सुविधाहरू प्रदान गर्न सकेका छन् र स्थानीय स्तरमा मानिसहरू समितिका कार्यप्रति कति सन्तुष्ट रहेका छन् भन्ने कुराबाट यसको क्षमता आकलन गरिएको छ। यस प्रक्रिया भन्दा अर्को प्रक्रियाबाट शान्ति समितिका प्रगतिहरू तथा प्रभावकारिता आकलन गरिएको देशका शान्ति समितिहरूसँग अध्ययन जिल्लाका शान्ति समितिले गरेका कामहरूको तुलना गरिएको छ। यो सन्दर्भमा हेर्दा बर्दिया जिल्लाका शान्ति समितिहरू केही कम रूपमा परिचालित छन् र जिल्ला शान्ति समितिले आँशिकमात्रै सेवा प्रदान गर्छ भने गाविस शान्ति समितिले केही थप कार्यहरू जस्तै द्वन्द्व व्यवस्थापन तथा मध्यस्थताका कामहरू गर्दछन् जुन अन्य जिल्लाका गाविस शान्ति समितिहरू भन्दा केही राम्रा रहेका छन्। समग्रमा भन्दा केही थप आर्थिक बजेट विनियोजनका साथ केही क्षमता बृद्धि तालिमहरू प्रदान गर्ने हो भने शान्ति समितिको प्रभावकारिता तथा यसको सेवा सुविधामा सजिलै वृद्धि गर्न सकिन्छ।

## ६. निष्कर्ष

यस अध्ययनमा रहेका शान्ति समितिहरूको कार्य संचालन गर्न सक्ने क्षमता निकै सीमित रहेको छ। बर्दिया जिल्लामा रहेको जिल्ला शान्ति समितिले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत प्रदान गर्न मद्दत गर्दै आएतापनि यो समिति अन्य कार्यहरू जस्तै भविष्यको योजना बनाउने तथा द्वन्द्व प्रभावितका लागि अन्य कार्यक्रम संचालन गर्न सक्रिय हुन सकेको छैन। जिल्ला शान्ति समितिद्वारा द्वन्द्व प्रभावितहरूको सेवामा कुनै पनि द्वन्द्व व्यवस्थापन तथा मध्यस्थकर्ताको काम गर्दै आएको छैन र यस्ता कामहरूमा सबै प्रशासनको जिम्मेवारी रहेको समितिका सदस्यहरू बताउँछन्। यसले समितिका सदस्यहरू आफै नै कार्यक्षेत्रगत शर्त (बुँदा) हरूको बारेमा जनाकार नरहेको देखिन्छ। समितिका यस्ता खालका चुनौतीहरूलाई सम्बोधन गर्न थप श्रोतहरू परिचालन गरिनुपर्ने तथा समिति सदस्यहरूका बीच तालिम तथा क्षमता बृद्धि कार्यक्रम संचालन गरिनुपर्ने आवश्यकता देखिएको छ।

यस अध्ययनमा रहेका दुईवटा गाविस स्तरीय शान्ति समितिहरूले विभिन्न किसिमका कार्यक्रमहरू संचालन गर्दै आइरहेका छन् जसमध्ये द्वन्द्व प्रभावित व्यक्तिहरू तथा उनीहरूका परिवारजनसँग अन्तर्क्रिया कार्यक्रम, जनचेतनामूलक कार्यक्रम पर्दछन्। गाविस समितिहरूले द्वन्द्व प्रभावित व्यक्तिहरूलाई आफ्नो समस्या तथा आवश्यकताको बारेमा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू सामू छलफल गर्न मञ्च प्रदान गरेको छ र यी समिति द्वन्द्व व्यवस्थापन र

मध्यस्थकर्तामा पनि सामेल रहेका छन् । यी समितिहरूले सफलतापूर्वक द्वन्द्व व्यवस्थापन तथा मध्यस्तकर्ता भई समस्या समाधान गरेकामध्ये श्रीमान् श्रीमतीबीचका झगडा, बलात्कार, भागी विवाहबाट उत्पन्न तनाव, छरछिमेकीबीचका झगडा, जमीन र सिचाइसँग आवद्ध झगडा रहेका छन् । भिमापुर गाविसमा शान्ति समितिसँगको समन्वयमा एउटा छुट्टै द्वन्द्वको मामिला हेर्ने संयन्त्र, "बड घर" को रूपमा स्थापना गरिएको छ । नेउलापुर गाविसमा भने शान्ति समितिको अगुवाइमा त्यहाँका स्थानीय बासिन्दाको श्रमदानमा सानो बाटो निर्माणका कार्यहरू गरिएका छन् । यस्ता किसिमका गतिविधिको श्रेय यी दुवै गाविसमा यहाँका संयोजकहरूलाई जाने गरेको छ ।

यो अध्ययनको परिणामले देखाए अनुसार जिल्ला शान्ति समितिभन्दा गाविस शान्ति समितिसँग थोरै नै आर्थिक तथा अन्य श्रोत भएतापनि यी समितिहरू बढी सक्रिय रहेका तथा बढी सान्दर्भिक रहेका छन् । यो अध्ययनले देखाएअनुसार जिल्ला शान्ति समिति र गाविस शान्ति समितिहरूबीचको समन्वय कमजोर रहेको छ । यस समन्वयलाई सुदृढ बनाउने र शान्ति पुनर्स्थापनाको लक्ष्य हासिल गर्ने हो भने सरकारले नै यी समितिहरूबीच समन्वय बढाउनुपर्ने देखिएको छ ।

यस अध्ययनमा रहेका शान्ति समितिहरूले कम श्रोतका बाबजुद पनि केही राम्रा कामहरू गरेतापनि यी समितिहरूको कामलाई अझ राम्रो बनाउन धेरै नै सुधार गर्नुपर्ने पक्षहरू रहेका छन् । यस अध्ययनले देखाएअनुसार समितिहरूलाई अझ बढी प्रभावकारी बनाउने हो भने यस समितिमा रहेका सदस्यहरूलाई प्रोत्साहन गर्नुपर्ने र यसका साथै उनीहरूको क्षमता बृद्धि गर्ने कार्यक्रम ल्याउनु पर्ने आवश्यकता रहेको छ । हामीले शान्ति समितिहरूबाट शान्ति पुनर्स्थापनाको सपना देख्ने हो भने समितिहरूलाई अझ बढी सुदृढ बनाइनुपर्ने रहेको छ र समितिहरूको श्रोतमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

# ७. सन्दर्भ सूचीहरू

**एरिनो, एम.भी**. (२००८) नेपाल : अ जेन्डर भिउ अफ द आर्म्ड कन्फ्लिक्ट एण्ड द पिस प्रोसेस। वार्सिलोना : स्कूल फर अ कल्चर अफ पिस।

**व्यावकक, जे.एफ**. (२०१३) समर बसी – "वी गो टुगेदर" : द लोकल पिस कमिटिज एण्ड देर इफेक्ट अन विल्डिङ्ग पिस इन नेपाल. क्याप्स्टोन कलेक्सन, पेपर २६१४. स्कूल फर इन्टरनेशनल ट्रेनिङ्ग, ग्राजुएट इन्स्टिट्युट।

**वडाल, ए**. (२०१३) "द पोटेन्सियल फर एण्ड च्यालेन्जेस अफ अ लोकल पिस कमिटी : अ स्टडी अफ द डिस्ट्रिक्ट लेवल पिस फोरम इन काभ्रे, नेपाल". सेमिनार पेपर।

**वस्नेत, एस**. (२०११) साइकोलोजिकल स्टाटस अफ कन्फ्लिक्ट एफेक्टेड सिङ्गल वुमन इन नेपाल। वखुण्डोल, ललितपुर, नेपाल : सोसियल इनक्लुजन रिसर्च फण्ड।

**भट्टराई, पी**. (२०१३) "इनक्लुजिभ पिस विल्डिङ्ग इन नेपाल : च्यालेन्जेज एण्ड अपरच्युनिटिज"। लोकल फर्स्ट व्लग . यस लिङ्कमा पाइने : http://actlocalfirst.org/2013/08/inclusive-peacebuilding-nepal.

**कार्टर सेन्टर** (२००९) "कार्टर सेन्टर अव्र्जभेसनस् अन लोकल पिस कमिटिज"। ६ नोभेम्वर, यस लिङ्कमा पाइने : www.cartercenter.org/resources/pdfs/news/peace_publications/election_ reportsरल्भउबा(LocalPeaceCommittees-2009-11-09.pdf.

**कार्टर सेन्टर** (२००९) "कार्टर सेन्टर : लोकल पिस कमिटी फङ्कसनिङ्ग ह्याज इम्प्रुभ्ड, वट ओभरअल इफेक्टिभ्नेस रिमेन्स अनक्लियर"। कार्टर सेन्टर अपडेट अन लोकल पिस कमिटिज।

**राष्ट्रिय तथ्याङ्क विभाग** (२००६) बर्दिया डिस्ट्रिक्ट प्रोफाइल २००५/०६। व्रान्च स्टाटिस्टिक अफिस बर्दिया। काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग।

**राष्ट्रिय तथ्याङ्क विभाग** (२०११) नेसनल पपुलेसन एण्ड हाउजिङ्ग सेन्सस २०११। भिलेज डिभलप्मेन्ट कमिटी/म्युनिसिपालिटी। भोलम ०२, एनपिएचसी २०११। काठमाडौं : नेपाल सरकार, राष्ट्रिय योजना आयोग सचिवालय।

**दाहाल, डी.आर. एण्ड भट्ट, सी.डी**. (२००९) द रेलिभेन्स अफ लोकल कन्फ्लिक्ट रिजोल्युसन मेकानिजम फर सिस्टमिक कन्फ्लिक्ट ट्रान्सफर्मेसन इन नेपाल। वर्गफ फाउन्डेसन फर पिस सपोर्ट।

**ग्रोस, जे. एण्ड राजभण्डारी, एस**. (२००९) "लोकल पिस कमिटिज : स्टिल अ मोडल अफ कोअपरेसन अक्रस कन्फ्लिक्ट लाइन्स"। इन एसिया (व्लग), द एसिया फाउन्डेसन. यस लिङ्कमा पाइने : http://asiafoundation. org/in-asia.

**मानव अधिकार** (२०११) रिकन्सिलिएसन : फर सस्टेनेवल पिस विल्डिङ्ग। एनुअल रिपोर्ट २०११. इनार, पुल्चोक, ललितपुर, नेपाल।

**लिङ्कन, वाइ. एस. एण्ड गुवा, ई.जी**. (१९८५) नेचुरलिस्टिक इनक्वाइरी. वेभर्ली हिल्स : सेज।

**मलिक, भी**. (२००९) लोकल एण्ड कम्युनिटी गर्भनेन्स फर पिस एण्ड डिभलप्मेन्ट इन नेपाल। बोन्न : जर्मन डिभलप्मेन्ट इन्स्टिट्यूट /ड्युचेसस इन्स्टिट्यूट फर इन्टविक लुङ्गस पोलिटिक्स।

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय** (२००९) " ट्र्म्स अफ रिफरेन्स, लोकल पिस कमिटिज "(२०६५)। काठमाडौं : शान्ति तथा पुनर्निर्माण मन्त्रालय।

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय** (२०११) “एक्सटर्नल मनिटरिङ्ग अफ नेपाल पिस ट्रस्ट फण्ड (एनपिटिएफ)” । जनुवरी २०१३ । काठमाडौं : शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

**नेपाल मनिटर** (२०११) “गर्भन्मेन्ट रिलिफ इफोर्ट्स फर नेपाल कन्फ्लिक्ट भिक्टिम्स् ” । द नेशनल अनलाइन जर्नल अन मिडिया एण्ड पब्लिक अफेयर्स । यस लिङ्कमा पाइने : www.nepalmonitor.com/2011/07/government_relief_ef.html.

**एनएफडिआइएन** (२०१२) “कन्स्टिट्युसन मेकिङ्ग एण्ड पिस विल्डिङ्ग थ्रु डाइलग अन इन्डिजिनस नेस्नलिटिज राइटस्, मेन अवर्जभेसनस् एण्ड रेकमेन्डेसन फ्रम जोइन्ट एनपिटिएफ –युएनपिएफएन मनिटरिङ्ग भिजिट ”। नेशलन फाउन्डेसन फर डिभलप्मेन्ट अफ इन्डिजिनस नेशनलिटिज ।

**ओडेन्डाल, ए**. (२०१०) “एन आर्किटेक्चर फर विल्डिङ्ग पिस एट लोकल लेभल : अ कम्पेरेटिभ स्टडी अफ लोकल पिस कमिटिज ।” डिस्कसन पेपर । युनाइटेड नेशन डिभलप्मेन्ट प्रोग्राम ।

**ओडेन्डाल, ए. एण्ड ओलिभर, आर**. (२००८) लोकल पिस कमिटिज : सम रिफ्लेक्सनस् एण्ड लेसनस् लर्न्ड । एकेडेमी फर एजुकेशनल डिभलप्मेन्ट एण्ड युएसएआइडी ।

**पिएससिडी एण्ड शान्ति तथा पुनर्निर्माण मन्त्रालय** (२०१३) “स्ट्रेन्थेनिङ्ग एलपिसिज : पिस फ्रम बटम अप । मेन अवर्जभेसनस् एण्ड रेकमेन्डेसनस् फ्रम जोइन्ट एनपिटिएफ – युएनपिएफएन , मनिटरिङ्ग भिजिट, पिस स्ट्रक्चर कोअर्डिनेशन डिभिजन ।

**सेन्टन, ए.के**. (२००४) “स्ट्रेटिजिज् फर इन्स्योरिङ्ग ट्रस्टवर्थीनेस इन क्वालिटेटिभ रिसर्च प्रोजेक्टस्” । एजुकेशन फर इन्फर्मेसन, २२ : ६३–७५ ।

**एसएलआरसी** (२०१४) सर्भेइङ्ग लाइभ्लिहुड्स, सर्भिस डेलिभरी एण्ड गभर्नेन्स : वेसलाइन एभिडेन्स फ्रम नेपाल । एसएलआरसी वर्किङ्ग पेपर १३ । लन्डन : सेक्युर लाइभलिहुड रिसर्च कन्सोर्टियम ।

**सोडार्क–सिपिआरपी** (२०१०) वर्किङ्ग विथ लोकल पिस कमिटिज, इन्हेन्सिङ्ग कन्फ्लिक्ट ट्रान्सफर्मेसन एण्ड पिस विल्डिङ्ग क्यापेसिटी अफ लोकल पिस कमिटिज (एलपिसिज) एण्ड एक्जिस्टिङ्ग पिस स्ट्रकचर्स एट लोकल लेभल । सेन्टर फर पिस विल्डिङ्ग एण्ड रिकन्सिलिएसन प्रमोसन ।

**उप्रेती, वी.आर**. (२००६) नेपालस् आमर्ड कन्फ्लिक्ट : सेक्युरिटी फर डिभलप्मेन्ट एण्ड रिसोर्स गभर्नेन्स । नेपाल केस स्टडी । काठमाडौं, नेपाल : स्वीस नेश्नल सेन्टर अफ कम्पिटेन्स इन रिसर्च (एनसिसिआर) नर्थ–साउथ, साउथ एसिया कोअर्डिनेसन अफिस ।

**उप्रेती, वी.आर**. (२०१२) “नेपाल फ्रम वार टु पिस” । पिस रिभिउ : अ जर्नल अफ सोसियल जस्टिस, २४(१) : १०२ – १०७ ।

**उप्रेती**, **वी.आर**. (२०१४) “पिस एण्ड पोष्ट कन्फ्लिक्ट रिकन्स्ट्रकसन इन नेपाल : अ वडर्स आइ भिउ । व्लग ।यस लिङ्कमा पाइने : http://bishnuupreti.blogspot.com/2014/12/peace-and-post-conflict-reconstruction.html.

# अनूसूची : कार्यपद्धतिको व्याख्या

| कार्यपद्धति | अन्तवार्ता लिइएका मुख्य व्यक्तिहरू | चाहिएको तथ्याङ्कको विवरण | कैफियत |
|---|---|---|---|
| **मुख्य व्यक्तिसँगको अन्तर्वार्ता**<br>विशेष गरी यो पद्धतिको प्रयोग गर्नुको मुख्य कारण भनेको स्थानीय शान्ति समितिका गतिविधिहरू, संयन्त्र, सेवा प्रयोजन, संस्थागत कारक, जनादेश तथा यी समितिहरूका सबै जानकारी लिने रहेको छ । यसका साथै समितिका कार्य शैली तथा भविष्यका योजना पनि थाहा पाउन मद्दत गरेका छन् । | प्रमुख जिल्ला अधिकारी, जिल्ला विकास अधिकारी, द्वन्द्व प्रभावित व्यक्ति तथा आन्तरिक विस्थापित व्यक्तिहरूका लागि कार्यरत अधिकारीहरू, स्थानीय शान्ति समिति अधिकारीहरू, सरकारी तथा गैर सरकारी अधिकारीहरू | यस पद्धतिद्वारा हाम्रो अध्ययनका लागि चाहिने तथ्याङ्कहरू यसप्रकार छन् :<br>• स्थानीय शान्ति समितिका विवरण (सहभागिता/उत्तरदायित्व/पारदर्शिता)<br>• स्थानीय शान्ति समितिका कार्यहरू, जनादेश तथा प्रभावकारिता<br>• स्थानीय शान्ति समितिले प्रदान गर्दै आइरहेका सेवाहरू<br>• स्थानीय शान्ति समितिका गतिविधि तथा कार्यक्रमहरूबाट समाजमा पर्न गएका असर<br>• श्रोत परिचालन तथा बाधाहरू<br>• समितिको शान्ति पुनर्स्थापना तथा राज्य निर्माणमा योगदान<br>• समितिको जनादेशमा नभएका कार्यहरू तर पनि समितिले गर्दै आएका कार्यहरू<br>• मापदण्ड अनुसार गर्दै आएका कार्यहरू पूरा भएको वा नभएको अवस्थाको जानकारी लिने<br>• स्थानीय शान्ति समितिले गरेका कार्यहरूको सान्दर्भिकता<br>• स्थानीय शान्ति समितिले कसरी कम श्रोतका बाबजुद कार्य गर्दै आएका छन् तथा क्षमता वृद्धिका कार्यक्रमहरू र समस्याहरूको सामना कसरी गर्दै आएका छन् भन्ने कुराहरू | यो पद्धतिको प्रयोगबाट हामीले स्थानीय शान्ति समितिले कसरी सेवा प्रदान गर्दै आइरहेका छन् भन्ने अवस्थाको जानकारी हासिल गर्न सक्छौँ । |

| कार्यपद्धति | अन्तवार्ता लिइएका मुख्य व्यक्तिहरू | चाहिएको तथ्याङ्कको विवरण | कैफियत |
|---|---|---|---|
| **सेवाग्राहीहरूसँग गरिएको अन्तर्वार्ता**<br>यो पद्धतिले विशेष गरी द्वन्द्व प्रभावित व्यक्तिहरू जसले सरकारबाट राहत लिएका छन् उनीहरूको यसप्रतिको धारणा बुझ्न मद्दत गर्दछ । यस पद्धतिले सबै तिरबाट आएका जानकारीहरू रुजु गर्न मद्दत गर्दछ । यसका साथै समिति सहभागितामूलक, पारदर्शी, उत्तरदायी तथा प्रभावकारी रहेको वा नरहेको अवस्था देखाउन मद्दत गर्दछ । | द्वन्द्व प्रभावित व्यक्तिहरू जसले सरकारको राहत लिँदै आएका छन्<br>मानिसहरू जसका मुद्दा मामिलाहरू स्थानीय शान्ति समितिले सफलतापूर्वक सुल्झाएका छन् | • स्थानीय शान्ति समितिबाट सेवा लिँदा द्वन्द्व प्रभावित व्यक्तिहरूले खेप्नु परेका चुनौतिहरू<br>• सेवा ग्राही (द्वन्द्व प्रभावित) खेप्दै आएका वाधा तथा कठिनाइहरू<br>• स्थानीय शान्ति समितिमा रहेको सहभागिता तथा पारदर्शिता<br>• शान्ति समिति प्रभावकारी छ कि छैन ? | |
| **समूह केन्द्रित छलफल**<br>यस पद्धतिले सेवाग्राही तथा मुख्य व्यक्तिहरूबाट आएका जानकारीहरू कतिको सही वा गलत हुन् भन्ने कुराको रुजु गर्न मद्दत पुऱ्याउँदछ र यस पद्धतिले समितिले कस्तो सेवा प्रदान गर्दै आइरहेका छन्, यसमा सहभागिता कस्तो छ, कुनै किसिमको भेदभाव गर्ने वा नगर्ने, पारदर्शिता भएको वा नभएको अवस्था जान्न मद्दत गर्दछ । | स्थानीय बासिन्दा, सेवा लिँदै आएका व्यक्तिहरू, द्वन्द्व प्रभावित व्यक्तिहरू तथा आन्तरिक विस्थापित व्यक्तिहरू र स्थानीय शान्ति समितिसँग आवद्ध रहेका व्यक्तिहरू | यो पद्धतिबाट पनि माथिका पद्धतिहरू सरह नै जानकारी हासिल गरिनेछ । | |